
जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ७१ • २०७९ साल साउन १४ गते शनिबार (30 July, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# सामाजिक र आर्थिक रुपान्तरणका लागि काम गर्नुपर्छ :अध्यक्ष यादव

**टुडे समाचारदाता**

बर्दिबास ।देशको आर्थिक अवस्था कमजोर भइरहेको बेला जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले सामाजिक र आर्थिक रुपान्तरणका लागि काम गर्नुपर्ने आवश्यकता औल्याएका छन् ।

मधेश प्रदेशमा जसपाबाट निर्वाचित पालिकाका अध्यक्ष/मेयर,उपाध्यक्ष/उपमेयरकोसम्मान कार्यक्रममा अध्यक्ष यादवले भने, लोकतन्त्रले मात्र मुलुकमा आमूल परिवर्तन आउन नसक्ने भएकाले अव सामाजिक र आर्थिक रुपान्तरणको आवश्यकता छ ।

जसपा मधेश प्रदेश समितिद्वारा शुक्रवार आयोजित सम्मान कार्यक्रममा अध्यक्ष यादवले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै देशमा आमूल परिवर्तनका लागी अझ संघर्षको आवश्यकता रहेको उनले बताए । ' राजनीतिक संघर्षले देशमा राजनीतिक परिवर्तन ल्याएको छ' उनले भने, आर्थिक र सामाजिक परिवर्तनका लागि जनप्रतिनिधिहरुले योजनाबद्ध रुपमा काम गर्नुपर्छ ।




प्रदेश अध्यक्ष प्रदेश सभासद रामबाबु यादवको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष यादवले भने, पार्टीको आगामी कार्यदिशा नै सामाजिक र आर्थिक रुपान्तरण हुनेछ। 'पछाडि पारिएका समुदायलाई मूलधारमा ल्याउन सामाजिक र आर्थिक समानता कायम गर्न आर्थिक लोकतन्त्र आवश्यक छ ' यादवले भने, सिमान्तकृत वर्गलाई समाजका मूलप्रवाहमा ल्याउन उनीहरुको आर्थिक उत्थान गर्नु आवश्यक छ।

'नेपालमा रहेको निर्वाचन प्रणालीले राजनीतिक लोकतन्त्रलाई विकृत बनाएको छ ' उनले भने, त्यसकारण देशमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली, पूर्ण समानुपातिक संसदीय निर्वाचन र दलविहीन स्थानीय तह आजको मूल आवश्यकता हो ।

मधेश प्रदेशमा जसपाले अपेक्षाकृत सफलता हासिल गर्न नसकेको नेताहरुले बताइरहेको बेला निर्वाचन प्रणालीमा रहेको विकृतिलाई हटाउन स्थानीय तहमा दलगत प्रणालीलाई हटाउनुपर्नेमा अध्यक्ष यादवले जोड दिएका हुन् ।

नवनिर्वाचित जनप्रतिनिधिहरुको सम्मान कार्यक्रममा प्रदेश सभासद, केन्द्रीय सदस्यहरुले मञ्चमा स्थान पाएनन् ।उनीहरु आमन्त्रण बिना नै कार्यक्रममा पुगेकाले मञ्चमा आसनग्रहण नगराइएको प्रदेश कमिटीका एकजना पदाधिकारीले बताए।

# नागरिकता विधेयक रोक्न राष्ट्रपतिमाथि एमालेको दबाब

**टुडे समाचारदाता**

काठमाण्डु ।नागरिकता सम्बन्धी विधेयकलाई प्रतिनिधि र राष्ट्रिय सभाले पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाउने तयारी भइरहेको बेला नेकपा एमालेले विधेयक फिर्ता गर्न राष्ट्रपति विद्यादेवी भण्डारीमाथि दबाब दिन थालेको छ ।

राष्ट्रपति भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरी एक पटक सुझाव सहित फिर्ता गर्न सक्ने अधिकार छ ।नागरिकता विधेयकको विरोधमा रहेको प्रतिनिधि र राष्ट्रिय सभामा अल्पमतमा रहेको एमालेले रोक्न असफल भएपछि राष्ट्रपतिमाथि दबाब दिएर फिर्ता गराउन दबाब सृजना गर्न थालेको छ । एमालेका उपाध्यक्ष युवराज ज्ञवालीले नागरिकता विधेयकलाई राष्ट्रपतिले सच्याउनुपर्ने बताएका छन् ।' विधेयकमा राखिएको वैवाहिक अंगिकृत नागरिकता सम्बन्धीको व्यवस्था गम्भीर भएकाले राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक फिर्ता गर्नुपर्छ 'ज्ञवालीले भने, राष्ट्रपतिले विधेयकमा भएका व्यवस्था राम्रोसँग अध्ययन गरेर मात्र अनुमोदन गर्ने वा नगर्ने निर्णय लिनुपर्छ ।

'संसदबाट पारित भइसकेको नागरिकता विधेयकलाई के गर्ने ? भन्ने नितान्त राष्ट्रपति ज्यूले लिने निर्णय हो ' उनले भने, तर म नेपाली नागरिकको हैसियतमा यो विधेयक फिर्ता गर्नुपर्छ भन्ने सुझाव दिन चाहन्छु । 'यो विधेयकमा राखिएका प्रावधानले देशको जनसंख्यामा ठूलो खतरा र अन्तर ल्याउने सम्भावना छ ' उपाध्यक्ष ज्ञवालीले भने, प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भइसकेको विधेयकमा विदेशी बुहारी वा ज्वाईँलाई विवाह गर्ने बितिकै नागरिकता पाउने गरी राखिएको व्यवस्थामा नेकपा एमालेको गम्भीर आपत्ति छ ।

नागरिकता विधेयक पारित भएपछि तराइ/मधेश केन्द्रित दल र नेपाली कांग्रेसका नेता, कार्यकर्ताहरुले खुशीयाली मनाएको बेला एमालेले राष्ट्रपतिलाई प्रयोग गरी विधेयक रोक्न चाहेको छ ।एमालेको कारण विगतमा पनि राष्ट्रपति भण्डारी विवादमा परेकी थिइन् ।

# मंसिर ४ मा नै चुनाव पक्का

**टुडे समाचारदाता**

काठमाण्डु ।विपक्षी दल नेकपा एमालेले प्रदेश र प्रतिनिधि सभाको चुनाव सार्ने षडयन्त्र भइरहेको बेला नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले चुनाव मंसिर ४ गते नै हुने पक्का रहेको बताएका छन् ।

नेपाल प्रेस युनियनका नवनिर्वाचित केन्द्रीय कार्यसमितिको पदभार ग्रहण एवं प्रमाणपत्र वितरण कार्यक्रममा शुक्रवार डा.महतले भने , आगामी मंसिर ४ गते नै संघ र प्रदेश सदस्यको निर्वाचन हुने पक्कापक्की भएको छ ।

मंसिरको अन्तिम हप्ता प्रदेश र प्रतिनिधि सभाका सदस्यहरुको समयावधि समाप्त हुने भएकाले निर्वाचन आयोग मंसिर ४ गते चुनावको घोषणा गर्न सरकारलाई सुझाव दिएको छ ।

तर विपक्षी दल एमालेले सरकार चुनावलाई फागुनमा सार्ने षडयन्त्र गरिरहेको आरोप लगाउन थालेको छ ।

सरकारले केही दिनमै आगामी निर्वाचनको मिति घोषणा गर्ने महतले बताए। 'मंसिर ४ गते त निर्वाचन हुँदैछ , पक्कापक्की छ, केही दिनमा नै त्यो घोषणा हुन्छ ' उनले भने, औपचारिक रुपमा चाँडै घोषणा हुनेछ।

आफ्नो आकंक्षा र कुण्ठालाई त्यागेर आगामी निर्वाचनको बारेमा सूचना प्रकाशन गर्न प्रेस युनियनका सञ्चारकर्मीहरुलाई प्रवक्ता महतले निर्देशन दिए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल रकारको विभिन्न स्वास्थ्य 'स्थामा काम गर्न एवं लोकेवा आयोगको परीक्षामा ामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवायी परिषद्ले तोकेको कार्यक्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल ञ्चालन वा काम गर्न किने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुका ाथै नेपालमै Bachelor in Dental Surgery (BDS)/MBBS पढ्न पाइने (+2 Science को मकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म
प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

सही तरिकाले मास्क प्रयोग गर्ने विधि
मास्क कसरी लगाउने ?
१. हात राम्रोसँग धुने
सफा फेस मास्क छुनुअघि राम्रोसँग साबुन पानीले हात धुने अथवा सेनिटाइजरको प्रयोग गर्ने ।
२. तपाईंको अनुहारमा मास्क राख्नुहोस्
मास्कको सेतो रङको भाग अनुहारतर्फ ल्याउनुहोस् । मास्कको अर्को भाग अन्य रङको हुन्छ, प्राय निलो रङको हुने गर्छ र सेतो डोरीलाई कान पछाडि ल्याएर अड्याउनुहोस् ।
३. नाकमा परेको भागलाई थिच्नुहोस्
नाकमाथि परेको मास्कको भागलाई हल्का थिच्नुहोस् ।
४. मास्कलाई चिउँडो मुनि तान्नुहोस्
मास्कको तल्लो भागलाई चिउँडो मुनि तान्नुहोस् । निश्चित गर्नुहोस् कि मास्कले सधैँ तपाईंको नाक र मुख पुरै ढाक्दछ ।
५. मास्कलाई नछुनुहोस्
एक पटक तपाईंले आफ्नो अनुहारमा मास्क राम्रोसँग राख्नु भएपछि फेरी नछुनुहोस् । मास्क छोएमा केवल भाइरस सर्ने जोखिम बढ्दछ ।
मास्क कसरी फुकाल्ने ?
६. सावधानीपूर्वक मास्कलाई हटाउनुहोस्
केवल मास्कको किनार र कानको पट्टीहरू छोएर तपाईंको अनुहारबाट मास्क हटाउनुहोस् । मास्कको अगाडि नछुनुहोस्, किनकि त्यो दुषित हुन सक्छ ।
७. मास्कलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्
मेडिकल मास्क एक पटक मात्र प्रयोग गर्न मिल्छ / सकिन्छ । एक पटक मास्क हटाएपछि त्यसलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस् ।
८. आफ्नो हात धुनुहोस्
मास्कको प्रयोग गरिसकेपछि आफ्नो हात साबुन पानीले धुनुहोस् ।
रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी, मधेश प्रदेश

clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY janakpur

# प्रधानमन्त्री देउवासँग अमेरिकी सहायक विदेश मन्त्री लुको भेटवार्ता

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवासँग संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्यएसिया मामिला सहायक विदेश मन्त्री डोनाल्ड लुले भेटवार्ता गर्नुभएको छ ।



प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रवार भएको भेटमा उहाँहरुबीच नेपाल-अमेरिका मैत्रिपूर्ण र सहयोग सम्बन्धका विविध आयामबारे विचार आदानप्रदान भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

सो अवसरमा प्रधानमन्त्री देउवाले नेपाललाई अमेरिकाको निरन्तर विकास सहयोगका लागि धन्यवाद दिँदै उच्चस्तरको आर्थिक संलग्नताको अपेक्षासमेत गर्नुभएको थियो ।

यसअघि शुक्रवारै सहायक विदेश मन्त्री लुले परराष्ट्र मन्त्री डा नारायण खड्कासँग पनि भेटवार्ता गर्नुभएको थियो ।

बिहिबार साँझ नेपाल भ्रमणमा आउनुभएका सहायक विदेश मन्त्री लुले यस अघि पनि गत मङ्सिरमा नेपालको भ्रमण गरिसक्नुभएको छ ।

यो पटकको भ्रमणका अवसरमा उहाँले विभिन्न व्यावसायिक, नागरिक तथा सरकारी नेतृत्वसँग नेपाल-अमेरिका बीचको ७५ वर्षे लामो मित्रताका विविध आयामलगायत विषयमा कुराकानी गर्नुहुने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । रासस

# कोरोना संक्रमणमा वृद्धि, दुईको मृत्यु

**टुडे समाचारदाता**

काठमाण्डू । पछिल्लो २४ घण्टामा थप पाँच सय ७७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

शुक्रबार संक्रमणबाट दुई जनाको मृत्यु भएको छ । यससँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार ९ सय ६४ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभर ४ हजार २ सय ८२ नमुना परीक्षण गर्दा ५ सय ७७ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

जसमध्ये २ हजार ४ सय ७४ जनाको पीसीआर परीक्षण गर्दा ३ सय ९१ जना र १ हजार ८ सय ८ जनाको एन्टिजेन परीक्षण गर्दा एक सय ८६ जनामा संक्रमण देखिएको मन्त्रालयको भनाइ छ । योसँगै कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या ४ हजार ३ सय ५६ पुगेको छ ।

# तत्काल समाजवादी केन्द्र बन्दैन: अध्यक्ष दाहाल

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काल समाजवादी केन्द्र नबन्ने बताउनुभएको छ । राजधानीमा शुक्रवारदेखि शुरु भएको प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै उहाँले आसन्न निर्वाचनमा परिवर्तन पक्षधर वामपन्थीको मोर्चा बनाउन खोजिएको प्रष्ट्याउनुभयो ।




'तत्काल समाजवादी केन्द्र बन्दैन, निर्वाचनका लागि वामपन्थीको मोर्चा बनाउन खोजिएको हो', उहाँले भन्नुभयो, 'त्यसमा छलफल जारी छ, निष्कर्ष निस्केको छैन ।' वर्तमान सत्ता गठबन्धनमा रहेको वामपन्थी शक्तिहरु आगामी निर्वाचनमा मोर्चा बनाएर जान लागेका छन् । त्यसका लागि नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टीलगायत दल आन्तरिक छलफलमा जुटेका छन् ।

अध्यक्ष दाहालले नेपाली राजनीतिको मूलधार माओवादी आन्दोलन भएको भन्दै जनताको असली पार्टी माओवादी भए पनि यो विषयलाई स्थापित गर्न नसकिएको बताउनुभयो । माओवादी पार्टीको दबाबमा 'स्टेट पार्टनसीप प्रोग्राम' (एसपिपी)लाई नेपाल सरकारले अस्वीकार गरेको जनाउँदै उहाँले विगतमा एसपिपीमा सहभागी हुनुपर्छ भनेर लागि परेको पार्टी र नेता अहिले बढी राष्ट्रवादी देखिन खोजेको बताउनुभयो ।

निर्वाचनसम्म वर्तमान गठबन्धनलाई कायमै बनाएर लैजाने प्रतिबद्धता व्यक्त गर्दै उहाँले आगामी निर्वाचनसम्म र आवश्यकता रहँदासम्म गठबन्धन कायम रहने बताउनुभयो । 'परिवर्तनका एजेण्डा उल्ट्याउने प्रवृत्ति अहिले पनि जारी छ । त्यसकारण पनि गठबन्धन आवश्यक छ', उहाँले भन्नुभयो । इतिहासकै राम्रो बजेट ल्याएको पूर्वअर्थमन्त्रीका बारेमा प्रतीपक्षी दलले अनावश्यक कुप्रचार गरेको उहाँले बताउनुभयो । 'छानबिन समितिले प्रतिवेदन बुझाएको छ, पूर्वअर्थमन्त्री निर्दोष सावित हुनुभयो । यसले पनि पुष्टी गरेको छ', अध्यक्ष दाहालले भन्नुभयो । रासस

# बालिकालाई बलात्कार गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा बालिकालाई बलात्कार गरेको आरोपमा ५९ वर्षीय सोमबहादुर घिसिंगलाई पक्राउ गरिएको छ । मिथिला नगरपालिका-९ बेंगाडावरकी १४ बर्षीया बालिकालाई बलात्कार गरेको उनीमाथि आरोप छ ।

बालिकाका अभिभावकले प्रहरी समक्ष दिएको उजुरीको आधारमा घिसिंगलाई पक्राउ गरिएको हो । गत बैशाख ५ गते खर्साङ्गे डाडा सामुदायिक वनमा बाख्रा चराउन गएकी ती बालिकालाई आरोपित घिसिङ्गले जवर्जस्ती करणी गरेको उजुरीमा उल्लेख छ ।

प्रहरी निरीक्षक रामसागर सिंहका अनुसार बालिकालाई घिसिंगले विभिन्न किसिमको डर त्रास देखाई पटकपटक जबर्जस्ती करणी गर्दै आएको थियो । घटनाको तीन महिनापछि आरोपि विरुद्ध प्रहरीमा जाहेरी परेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिइ अनुसन्धान सुरु गरेको छ । बलात्कृत बालिका गर्भवती रहेको समेत ती घटनाको अनुसन्धानमा खटिएका एक प्रहरी अधिकारीले बताए ।

# बाघको संख्या ३५५

काठमाण्डु । पछिल्लो समय बाघको संख्या वृद्धि भएर ३५५ पुगेको छ ।

शुक्रवार यहाँ विश्व बाघ दिवस २०२२ को अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो । राष्ट्रिय बाघ तथा आहार प्रजाति सर्वेक्षण प्रतिवेदन २०२२ का अनुसार बाघको सङ्ख्यामा चार वर्षमा ५१ प्रतिशत बृद्धि भएको सो अवसरमा जानकारी दिइयो । हाल नेपालमा ३५५ वयश्क बाघ रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार पर्सा राष्ट्रिय निकुञ्ज तथा वरपरको वन क्षेत्रमा ४१, चितवन राष्ट्रिय निकुञ्ज तथा वरपरको वन क्षेत्रमा १२८, बाँके राष्ट्रि निकुञ्ज र वरपरको वन क्षेत्रमा २५, बर्दिया राष्ट्रिय निकुञ्ज र वरपरको क्षेत्रमा १२५ र शुक्लाफाँटा लालझाडी जोगबुढाक्षेत्रमा ३६ गरी जम्मा ३५५ बाघ रहेको उल्लेख गरीएको छ ।

बाघको संख्या एकिन गर्न तराई आर्क ल्याण्डस्केप अन्तर्गतका १५ जिल्लामा अकुपेन्सी सर्वेक्षण गरिएको वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ । बाघको सङ्ख्या एकिन गर्न बाघको बसोबास रहेको क्षेत्र चितवन, पर्सा, बाँके बर्दिया र शुक्लाफाँटा लालझाडी जोगबुढा तीन क्षेत्र विभाजन गरी क्यामेरा ट्र्याप विधी प्रयोग गरी सर्वेक्षण गरीएको थियो । रासस

# कुकुरलाई रेबिज खोप र बन्ध्याकरण

काठमाण्डु । महानगरीय कुकुर व्यवस्थापन कार्यक्रमअन्तर्गत काठमाडौं महानगरपालिकाभित्र १८ हजार सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको छ ।

यहाँ शुक्रवार आयोजित पत्रकार सम्मेलनमा 'काठमाडौं महानगरपालिका' र 'द जाने गुडल इन्स्टिच्युट'को समन्वय र सहकार्यमा सन् २०१६ देखि अहिलेसम्म २२ हजार कुकुरलाई रेबिज खोप लगाइएको कार्यक्रमका संयोजक वसन्त गौतमले जानकारी दिनुभयो । जनावर, वातावरण संरक्षण तथा समाज कल्याणका क्षेत्रमा क्रियाशील उक्त इन्स्टिच्युटले रेबिजको आशङ्का भएका करिब ५०० कुकुरको परीक्षण गरेको जनाएको छ ।

महानगरपालिकाका प्रत्येक वडामा कुकुर व्यवस्थापनका लागि इन्स्टिच्युटले स्थानीय समुदायको सहभागितामा आधारित कार्य सञ्चालन गर्न ३२ वटै वडामा प्रत्येक वडाध्यक्षको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरी कार्य गर्दै आएको छ । रासस

# सङ्घीय र प्रदेशको चुनावमा एकताबद्ध भएर लाग्न ओलीको आग्रह

काठमाण्डु । पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी सङ्घीय र प्रदेशको चुनावमा एकताबद्ध भएर लाग्न झापाका पार्टी कार्यकर्ताहरुलाई आग्रह गर्नुभएको छ ।

शुक्रवार विर्तामोडमा नेकपा एमाले झापाले आयोजना गरेको जिल्लास्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले हालै सम्पन्न स्थानीय तह निर्वाचनमा जनताले एमालेलाई लोकप्रिय जनमत प्रदान गरेता पनि पार्टी पङ्क्ति पूर्णरुपमा एकताबद्ध हुन नसकेको गुनासो गर्नुभयो । अध्यक्ष ओलीले भन्नुभयो, 'आन्तरिक एकतालाई बलियो बनाउँदै पार्टीमा लय मिलाएर चल्नुपर्छ, विरासत फर्काउन गाह्रो छैन ।'

उहाँले झापा आमूल परिवर्तनको आन्दोलनको उद्गम थलो भएको हुँदा यहीँबाट पार्टीले नयाँ युगको सुरुआत गर्न कार्यकर्ताले कम्मर कसेर लाग्नुपर्ने बताउनुभयो । उहाँले पार्टीभित्र अराजकता र बेथिति बढेकाले सच्चिएर अगाडि बढ्नसमेत कार्यकर्तालाई आह्वान गर्नुभएको छ । रासस

# जब केबलकारमा पत्रकारलाई रोकियो !

काठमाण्डु । काठमाडौंको चन्द्रागिरिमा रहेको केबलकार चढ्न शुक्रवार उपत्यकाका एक हुल पत्रकार पुगेका थिए । चन्द्रागिरि केबलकारका प्रायःसबै गोण्डोला (डिब्बा) भरिभराउ भए, यत्तिकैमा पत्रकारको यात्रा चल्यो । चल्दै गरेका गोण्डोला (केबलकारको डिब्बा) केही मिनेटपछि रोकिए । त्यसबेला पत्रकार आत्तिएनन् । बरु गोण्डोलामा उभिएरै तस्बिर तथा भिडियो लिन ब्यस्त भए । उनीहरु काठमाडौं उपत्यका तथा चन्द्रागिरि डाँडो र त्यहाँको जङ्गलको वरपरका दृश्य क्यामेरमा कैद गर्नेतिर लागे ।



यो एक अभ्यास थियो र केबलकारका प्राविधिकहरुले पूर्वजानकारी गराएरै केबलकार रोकेका थिए । त्यसैले पनि गोण्डोलमा रहेका पत्रकार डराएनन् र यसलाई स्वाभाविकरुपमा लिए । पत्रकार चढेका हरेक गोण्डोलामा केबलकारका प्राविधिक र कर्मचरी सहभागी थिए । उनीहरुले पत्रकारलाई आउनसक्ने समस्या र समाधानका उपायबारे बुझाइरहेका थिए । आजको अभ्यास यो केबलकार सुरक्षित छ र कहिलेकाहीँ कुनै प्राविधिक कारणले केही मिनेट रोकिन सक्छ भन्ने जानकारी दिन आयोजना गरिएको थियो । त्यसैले हरेक गोण्डोलामा यहाँका प्राविधिक र पत्रकार राखिएको थियो र उनीहरुले यसका विविध प्राविधि विषयको जानकारी गराइरहेका थिए ।

एक गोण्डोलामा सहभागी हुनुहुन्थ्यो चन्द्रागिरि हिल्सका अध्यक्ष चन्द्रप्रसाद ढकाल । उहाँ भन्दै हुनुहुन्थ्यो, "यो केबलकारको प्रविधि अर्थात् उत्पादक अष्ट्रियन 'डोब्बलमेयर' कम्पनी हो । यो विश्वकै सबैभन्दा सुरक्षित कम्पनी हो र हाम्रोजस्ता विश्वका २० हजार केबलकारमा यही कम्पनीको प्रविधि सञ्चालनमा छ । यो प्राविधिक विषय हो र पूरैरुपमा बिजुलीमा निर्भर हुने भएकाले बिजुली गएपछि केही समय रोकिन्छ त्यसलगत्तै जेनेरेटर चल्छ । जेनेरेटरले पनि समय लाग्ने अवस्था भएमा हामीसँग 'इमर्जेन्सी ड्राइभ' का कैयौँ विकल्प छन् । त्यस्तै सङ्कट नै पर्ने या उद्धार नै गर्नुपर्ने भन्ने केही हुँदैन ।"

गोण्डोलामा लेखिएको सूचना 'हावाहुरी चलेका बेला, चट्याङ परेका बेला यो केबलकार पनि रोकिन सक्छ, नआत्तिइ यसैमा बस्नुहोला' देखाउँदै ढकालले भन्नुभयो, "यो प्रविधि हो, पूरै सुरक्षित छ, तर कुनैबेला रोकिन सक्छ रोकिँदैमा डराउनुपर्दैन ।" हालै आफू स्वीट्जरल्याण्ड पुगेका बेला पनि यसैगरी केबलकारमा रहेकै बेला प्राविधिक कारणले केहीबेर केबलकार हावामै रोकियो तर त्यहाँ समाचार भएन भन्दै उहाँले यो एक नियमित प्रक्रिया नै हो तर हामीकहाँ समाचार नै बन्नु विडम्बना हो भन्नुभयो ।

चन्द्रागिरि केबलकारका सेल्स मार्केटिङ प्रमुख प्रभाकर खड्का भन्नुहुन्छ, "मेसिनबाट चल्ने भएकाले कहिलेकाहीँ केबलकार रोकिन सक्ने, प्राविधिक समस्या आउन पनि सक्ने भए पनि पूर्ण सुरक्षित रहन्छ, यसमा यात्रु आत्तिनु पर्दैन, तत्काल नभए केही समयमा समस्या समाधान गरेर केबलकार सञ्चालन गरिन्छ ।"

केही दिनअघि राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना चढेका बेला केबलकार रोकिएको समाचार आएको थियो । त्यस बखत केहीबेर केबलकार रोकिएपछि गोण्डोलामा मानिस आत्तिएका, अक्सिजन नपुगेर सास फेर्न गाह्रो भएको समाचार आएको थियो । सो समाचारतर्फ सङ्केत गर्दै अध्यक्ष ढकालले डिब्बामा सात मिनेट रोकिएर रहेका पत्रकारलाई सोध्नुभयो, "के यहाँहरुलाई सास फेर्न गाह्रो भएको हो ? उहाँले डिब्बामा रहेका झ्यालतर्फ देखाउँदै", भन्नुभयो । हरेक डिब्बामा झ्याल रहेकाले नियमित अक्सिजन आपूर्ति भइरहेको थियो । फेरि केबलकारका माथिल्लो बटम स्टेसन नै दुई हजार तीन सयमात्र उचाइमा रहेकाले यहाँ अक्सिजनको कमी हुने अवस्था पनि नरहेको प्राविधिको भनाइ थियो ।

विश्वकै उत्कृष्ट प्रविधि प्रयोग गरे पनि प्राविधिक समस्याका कारण केही समय केबलकार रोकिनसक्ने तर त्यसका लागि वैकल्पिक व्यवस्थाका लागि सधैँ तयारी अवस्थामा रहने हुनाले पनि कुनै जोखिम नहुने सञ्चालकको भनाइ थियो । यसै विषयमा जानकारी गराउन चन्द्रागिरि हिल्सले आज यसको सम्पूर्ण प्राविधिक पक्षको स्थलगलत अध्ययन गराई, केबलकारमार्फत बटम स्टेनसमा लगेर पत्रकार सम्मेलन गरेको थियो ।

अध्यक्ष ढकालले तीन चरणबाट केबलकार सञ्चालन हुने जानकारी गराउनुभयो । "पहिलो विद्युत्बाट सञ्चालन हुन्छ, विद्युत् गएको खण्डमा एक मेगावाट बराबरको जेनेरेटरबाट सञ्चालन गरिन्छ, यदि त्यसले पनि काम गरेन भने, 'इमरजेन्सी ड्राइभ' भन्ने छ, त्यो सय प्रतिशत चल्छ, त्यसमार्फत जति पनि यात्रु गोण्डोलामा हुनुहुन्छ, उहाँहरुलाई सकुसल अवतरण गराउने समयसम्ममा नै काम गर्छ ।"

उहाँले यदि कोही यात्रु रोकिएर माथि रहेमा उनीहरुलाई निःशुल्करुपमा रिसोर्टमा बस्ने, खाने व्यवस्था गरिने र आकस्मिकरुपमा तल झर्नुपर्ने यात्रुलाई सवारी साधनकोसमेत व्यवस्था रहेको जानकारी दिनुभयो ।

केबलकारका इलेक्ट्रोनिक इञ्जिनीयर सरोज चापागाईं केबलकार रोकिएर कुनै पनि हालतमा दुर्घटना नहुने जिकिर गर्नुभयो । उहाँ भन्नुहुन्छ, "यदि प्राविधिक समस्या नै आइहाल्यो भने पनि अधिकतम ४० मिनेटमा आकस्मिकरुपमा मानिसलाई ओराल्ने काम हुन्छ, नत्र ५, १० मिनेटमा नै सुरक्षितरुपमा सञ्चालनमा आउँछ ।"

"हरेक दिन केबलकार सञ्चालनमा ल्याउनुअघि प्राविधिक परीक्षण हुन्छ, त्यसपछि पनि समस्या आइहालेमा तत्काल विज्ञबाट अध्ययन हुन्छ, र ५, १० मिनेटमा निराकरण गरेर सेवा सञ्चालन हुन्छ । यदि समय लाग्ने खालको समस्या देखियो भने आकस्मिक ड्राइभमार्फत मानिसलाई अवतरण गराउँछौँ, धेरै समय लाग्यो भने तलका यात्रुलाई तलैबाट फिर्ता गराउँछौँ र माथिका यात्रुलाई माथि रिसोर्टमा पनि लैजान्छौँ", उहाँले थप्नुभयो । केबलकारका संस्थापक सञ्चालक अम्बिकाप्रसाद पौडेलले प्रश्न गर्नुभयो, "हिजोको घटनामा चर्चा भएको अवस्था र आज आफैँ पत्रकार चढेरे रोकिएको अवस्थामा कस्तो महसुस गर्नुभयो ? भनी प्रश्न गर्नुभयो । रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : धन बृद्धि सञ्चय । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कर्मचारी नहटाउन माग

काठमाण्डु । नेकपा (एमाले) ले नयाँ आर्थिक वर्षको थालनीसँगै सङ्घ, प्रदेश र स्थानीय सरकारले अस्थायी, ज्यालादारी र करारमा कार्यरत कर्मचारीलाई बर्खास्त गर्न थालेको भन्दै कर्मचारी नहटाउन माग गरेको छ ।

एमालेको सङ्घीय मामिला तथा सामान्य प्रशासन विभागका प्रमुख किरण गुरुङले शुक्रवार विज्ञप्ति जारी गरी सो माग गर्नुभएको हो ।

सो विज्ञप्तिमा निश्चित विधि र प्रक्रियाबाट नियुक्ति तथा अवकाश पाउने कर्मचारीलाई नियमितरुपमा काममा लगाउन र उनीहरुको पेशागत सुरक्षा सुनिश्चित गर्न माग गरिएको छ ।रासस

# बोक्सीप्रथा विरुद्ध जनचेतनामूलक कार्यक्रम

**टुडे समाचारदाता**

बारा । बोक्सी प्रथा विरुद्ध बाराको फेटा गाउँपालिकामा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

जनचेतना जगाउँने उद्देश्यले तयार पारिएको 'कुनै मान्छे बोक्सी हुन्न कहिल्यै' शीर्षकको चलचित्र प्रदर्शन गरिएको बारा प्रहरी प्रबक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए ।




समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत फेटा गाउँपालिका वडा नम्बर ३ फेटास्थित गाउँपालिका कार्यालयको सभा हलमा राष्ट्रिय जागरण प्रतिष्ठान नेपाल, जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय प्रसौनीको संयुक्त आयोजनामा सो चेतनामूलक चलचित्र प्रदर्शन गरिएको थियो ।

फेटा गाउँपालिका अध्यक्ष रुस्तम अंसारीको प्रमुख आतिथ्यमा भएको सो फिल्म प्रदर्शनीमा गाउँपालिकाकी उपाध्यक्ष निलम साह, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गौरीशंकर कुमार सिंह, इलाका प्रहरी कार्यालय प्रसौनी बाराका कार्यालय प्रमुख प्रहरी निरीक्षक नरेन्द्रकुमार बोगटीलगायत संचारकर्मी तथा सुरक्षाकार्मीहरुको समेत उपस्थिति रहेको थियो ।

# बीमा रकम हत्याउन हत्या

**टुडे समाचारदाता**

काठमाण्डू । बीमाको पैसाका लागि नक्कली विवाह गरेर एक युवकको हत्या गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ । सवारी दुर्घटनामा मृत्यु भएको भनिएका बाँके कोहलपुर नगरपालिका-११ बस्ने २१ वर्षीय सर्जन बिकको नाममा गरिएको सावधिक जीवन बीमा र म्यादी जीवन बीमाबापतको दुई करोड ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको हो ।



उनीहरूले दुई करोड ५० लाख रुपैयाँ बीमा रकमका लागि नक्कली विवाह गरेर हत्या गरेको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले जनाएको छ ।

पक्राउ पर्नेमा बाँके कोहलपुर नगरपालिका-२ बस्ने २१ वर्षीया सपना मल्ल, स्याङ्जा वालिङ नगरपालिका-६ का ३१ वर्षीय सञ्जिव अर्याल, कोहलपुर नगरपालिका-१५ बस्ने ३२ वर्षीय सरदार अहमद खाँ, बाँके बैजनाथ गाउँपालिका-८ वतन भएका ३३ वर्षीय टोपबहादुर राना क्षेत्री, कोहलपुर नगरपालिका-११ बस्ने ३८ वर्षीय दिपक केसी र कोहलपुर नगरपालिका-१ बस्ने २१ वर्षीया ललिता सापकोटा रहेका छन् ।

बैजनाथ गाउँपालिका-६ लालपुरस्थित भित्री सडकमा टोपबहादुरले चलाएको भे.१ ख २४९१ नम्बरको मिनी बसको ठक्करबाट सर्जन गम्भीर घाइते भएका थिए । सर्जन भे.१० प १७२७ नम्बरको मोटरसाइकलमा सवार थिए । त्यसपछि सर्जनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको थियो । मृतकको बीमाबापतको रकम रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीबाट मृतककी श्रीमती सपना मल्लले बुझेकी थिइन् । उनले कामना सेवा विकास बैंक कोहलपुर शाखाको बैंक खातामा जम्मा गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

सो रकम बाँडफाँट भएको प्रहरीको भनाइ छ । सर्जनको सवारी दुर्घटनामा भएको मृत्यु शंकास्पद देखिएको भन्दै अनुसन्धानका लागि नेपाल पुनेर्बिमा कम्पनीले प्रहरीमा उजुरी दिएको थियो ।

त्यसपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो । केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले सपनालाई दिल्ली हुँदै जापान जाने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको थियो । त्यस्तै सन्जीव, सरदार अहमद, टोप बहादुर, दिपक र ललितालाई बाँके कोहलपुरबाट पक्राउ गरिएको छ । घटनाबारे थप अनुस्धान भइरहेको छ ।

# कर्मचारी हटाउँदा झडप

**टुडे समाचारदाता**

बारा । बाराको सिम्रौनगढ नगरपालिकामा करारका कर्मचारी हटाएपछि झडप भएको छ ।

शुक्रबार पालिकामा भएको झडमा उपप्रमुख नजमु शेहरका श्रीमान शेख मोतिम र वडा नं. ४ का अध्यक्ष अवधेश सहनी बीचको झडप भएको हो । झडमा परी ९ जना घाइते भएका थिए ।

नेपाली कांग्रेस र लोसपा पक्षबीच भएको झडपमा उत्पन्न तनाव नियन्त्रणमा लिन प्रहरीले १५ सेल अश्रुग्याँस प्रहार गरेको थियो ।

झडपमा परी नेपाली कांग्रेस तर्फका सिम्रौनगढ-४ बस्ने ३३ वर्षीय रवी कुमार सहनी, राम निवास राम, वडा नं ९ बसवरिया बस्ने ३० वर्षीय उमेश यादव र ३८ वर्षीय गौरीशंकर यादव घाइते भएका छन् । टाउकोमा सामान्य चोट लागेका चार जनामध्ये रवी र राम निवासको नगर अस्पताल सिम्रौनगढमा उपचार भइरहेको छ । बाँकी दुई जनाको वीरगञ्जमा उपचार भइरहेको छ ।

त्यसैगरी नेपाल प्रहरीतर्फ पनि पाँच जना घाइते भएका थिए । प्रहरी सहायक निरीक्षक भवमोचन झा, प्रहरी बरिष्ठ हवल्दार प्रमोद साह, प्रहरी हवल्दार मदन साह तेली र रमेश राय यादव र उमेश यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# काठको गोलियासहित एक पक्राउ

**टुडे समाचारदाता**

बारा । बारामा साल जातको काठको गोलियासहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । जितपुरसिमरा उपमहानगरपालिका वडा नं.१४ का नारायण अर्यालको जग्गामा अवैध सालको गोलिया ल्याई चिरान गरिरहेको अवस्थामा एक जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

पक्राउ पर्नेमा जितपुर सिमरा उपमहानगरपालिका वडा नं. १४ का ३५ वर्षीय किशोरी चौधरी रहेका छन् । प्रहरी र बन गस्ती टोली देख्ने बितिकै पक्राउ परेकासँग काठ चिरिरहेका एक जना फरार रहेको बारा प्रहरी प्रबक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए । बिशेष सूनाको आधारमा खटिएको प्रहरी र हलखोरिया साझेदारी वनको गस्ती टोलीले करिब १२ क्युफिट काठ सहित चौधरीलाई पक्राउ गरिएको हो ।

फरार रहेका व्यक्तिको अहिलेसम्म पहिचान हुन सकेको छैन् । बरामद सालको काठलाई हलखोरीया साझेदारी बन पोष्टमा बुझाईएको र फरार रहेका व्यक्तिको खोजि कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# जल्दै गरेको शव प्रहरी नियन्त्रणमा

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रहरीले पर्सामा जल्दै गरेको शव नियन्त्रणमा लिएको छ । सामुदायिक वनमा जलाइरहेको एक किशोरीको शव नियन्त्रणमा लिइएको हो ।



प्रहरीले पर्साको ठोरी गाउँपालिका क्षेत्रमा रहेको सामुदायिक वनबाट जलाइएको अवस्थामा जिरा भवानी गाउँपालिका-१ निवासी १७ वर्षीया किशोरी सीमा कुमारीको शव नियन्त्रणमा लिएको पर्साका प्रहरी प्रवक्ता प्रह्लाद कार्कीले जानकारी दिए ।

बुधबार राति नै किशोरीको शव जलाइएको थाहा पाएपछि वनमा पुगेको प्रहरीले जल्न बाँकी रहेको शवको घुँडा, हाड र मासु नियन्त्रणमा लिएको छ । किशोरीको मृत्यु शंकास्पद भएकोले सोधपुछको लागि उनकी आमालाई नियन्त्रणमा लिएर सोधपुछ भइरहेको प्रवक्ता कार्कीले बताए ।

मृतककी आमाले छोरीको झुन्डिएर मृत्यु भएको भनी बयान दिएको प्रहरीले जनाएको छ । स्थानीयले सीमाको मृत्युको कारण प्रेम सम्बन्ध रहेको दाबी गरेका छन् । स्थानीय एकजना केटासँग सीमाको प्रेम सम्बन्ध रहेको र सोही कारणले उनको हत्या भएको हुन सक्ने अनुमान गरिएको छ ।

# दाइजो प्रथा न्यूनीकरण गर्न संघ गठन




**टुडे समाचारदाता**

लहान । मधेश प्रदेशमा बढ्दो महिला हिंसाको कारण दाइजो प्रथा रहेकाले यसको न्यूनीकरण गर्न अखिल नेपाल महिला संघले युवा महिला सघ गठन गरेको छ ।

मधेश प्रदेशको आठ जिल्लामा घरपरिवार, समाज र पुरानो संस्कृतिका कारण समेत हिंसा बढिरहेकाले यसतर्फ अखिल नेपाल महिला संघको ध्यान केन्द्रित भएको सो संस्थाले जनाएको छ ।

संघका केन्द्रीय नेतृ तथा सांसद सुजिता शाक्यले लहानमा आयोजित पत्रकार सम्मेलनमा सो कुराको जानकारी दिइन् । संघको मातहत रहने महिला युवा संगठन हिंसाको घट्ना हुने ठाउँमा सचेतना अभियान गर्ने नेतृ शाक्यले जानकारी दिइन् ।

संघका मधेश प्रदेश अध्यक्ष निर्मला देवकोटाले भने, 'मधेशमा दाइजोका कारण महिलामाथि भइरहेको हिंसा संघले टुलुटुलु हेरेर बस्न सक्दैन ।

सचेतना अभियानलाई तीब्र पार्ने पनि ।' बोक्सी र अन्य विकृति हटाउन संघले मधेशका सबै जिल्लामा सचेतना र संघर्षको कार्यक्रम तय गर्ने अर्का नेतृ प्रतीक्षा तिवारीले बताइन् । सिरहामा महिला हिंसाको घट्ना बृद्धि भइरहेको संघको भनाइ छ ।

दाइजो, मिटरब्याजीबाट समेत महिला प्रताडित भइरहेकाले अभियानलाई सिरहाबाट सुरु गरिनुपर्ने एमाले सिरहाका अध्यक्ष चन्देश्वर मण्डलले बताए ।

संघले मधेश प्रदेश स्तरीय ४५ सदस्यीय समिति पनि गठन गरेको छ । सोनु गोर्मुछानको अध्यक्षतामा गठित समितिमा साममाया थिङग उपाधयक्ष, पुष्पा यादव सचिव, मिना यादव उपसचिव र कविता चौधरीलाई कोषध्यक्षमा चयन गरिएको छ ।

# बाघको संख्या बृद्धि

**रञ्जन यादव**

पर्सा । पर्सा राष्ट्रिय निकुञ्जमा बाघको सख्या दोब्बर भन्दा बढी वृद्धि भएको छ । सन् २०१८ मा गणना हुँदा १८ रहेको बाघको संख्या हाल ४१ पुगेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज साहले बाघको संख्या अपेक्षाभन्दा बढी भएको बताए । बासस्थान क्षमता अनुसार पानी र घाँसे मैदान अरू बढाउन सके अझ बाघको संख्या बढ्न सकने उनको विश्वास छ ।

संरक्षण अधिकृत साहले बाघको संख्या वृद्धिदर सकारात्मक भए पनि चुनौती पनि त्यतिकै थपिएको बताए । निकुञ्ज पूर्व-पश्चिम राजमार्ग र मानव बस्तीसँगै जोडिएकाले मानवीय क्षति र दुर्घटनाको जोखिम पनि उत्तिकै बढेको छ । गत वर्ष निकुञ्जको आधाभागदेखि पथलैया सडक खण्डमा एक वयस्क पोथी बाघको दुर्घटनामा मृत्यु भएको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालमा बाघको सख्या ३५५ पुगेको छ ।

# एसइईको नतिजा सुधार्न सामुदायिक शिक्षामा लगानी बढाउनुपर्ने

कर्णाली । राष्ट्रिय परीक्षा बोर्डले बुधबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई) नतिजामा कर्णाली प्रदेश 'कमजोर' देखिएको छ ।

बोर्डले पहिलोपटक प्रदेशगतरुपमा सार्वजनिक गरेको नतिजाअनुसार कर्णालीमा ११४ परीक्षार्थीले मात्र ३.६ देखि ४ जीपीए अर्थात उच्च अङ्क ल्याए ।

शैक्षिक सत्र-२०७८ को एसइईमा कर्णाली प्रदेशबाट ३७ हजार तीन सय ६२ परीक्षार्थी सहभागी थिए । तीमध्ये नौ सय ५१ ले ३.२ देखि ३.६ जीपीए ल्याए । जसलाई ए-ग्रेड भन्ने गरिन्छ । सार्वजनिक प्रदेशगत नतिजाअनुसार कर्णालीका चार हजार ३५ परीक्षार्थीले २.८ देखि ३.२ जीपीए, आठ हजार ३८३ ले २.४ देखि २.८ जीपीए, १० हजार ७३ ले २.० देखि २.४ जीपीए, सात हजार ७७६ ले १.६ देखि २.० जीपीए, दुई हजार ९९४ ले १.२ देखि १.६ जीपीए, १७५ ले ०.८ देखि १.२ जीपीए ल्याए । प्रदेशगतरुपमा उच्च अङ्क ल्याउने परीक्षार्थी बागमति प्रदेशका सबैभन्दा बढी छन् ।

शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेतका निर्देशक दीपा हमालले प्रदेशगतरुपमा कर्णालीको नतिजा कमजोर हुनुमा विभिन्न तत्वको सम्मिश्रण रहेको बताउनुभयो । 'प्रदेशको तुलना गर्दा यहाँ निकै कम विद्यार्थी परीक्षामा सहभागी हुन्छन्, त्यसले स्वभाविक रुपले प्रतिशतमा कम देखिने नै भयो,' उहाँले भन्नुभयो, 'कर्णालीको समग्र विकास, गरिबी, शैक्षिक विकास लगायतले नतिजामा प्रभाव पर्दछ ।'

कोरोना महामारीका कारण अघिल्ला दुई शैक्षिक सत्रमा लिखित परीक्षा नभएपछि विद्यार्थीमा मनोवैज्ञानिक असर परेको निर्देशक हमालको भनाइ छ । 'गत वर्ष लिखित परीक्षा हुनु नै ठूलो कुरा थियो, परीक्षा हुन्छ की हुन्न भन्ने अन्यौलकै बीचमा विद्यार्थी परीक्षामा सहभागी भएका हुन,'उहाँले भन्नुभयो ।

शैक्षिकसत्र २०७६ र २०७७ मा कोरोना महामारी बढ्दै गएपछि विद्यालय क्वारेन्टिनका रुपमा प्रयोग भए । जसले गर्दा भौतिक उपस्थितिमा पढाइ, परीक्षालगायतका शैक्षिक गतिविधि प्रभावित भएको थियो । ती दुई वर्ष विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनलाई शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसको आधारमा परीक्षा नियन्त्रण कार्यालयले प्रमाणीकरण गरी एसइईको नतिजा सार्वजनिक गरेको थियो । परीक्षा बोर्डले यसपटक प्रदेशअनुसार अनिवार्य विषयको बेग्ला-बेग्लै प्रश्नपत्र बनाउनुका साथै उत्तरपुस्तिका पनि प्रदेशमै जाँच गर्ने व्यवस्था मिलाएको थियो । रासस

# करको दर निर्धारणमा अनधिकृत व्यक्तिको प्रवेश देखिएन : संसदीय विशेष समिति

काठमाण्डु । चालु आवको बजेट निर्माणमा अनधिकृत व्यक्तिको संलग्नतामा करका दर हेरफेर गरिएको भन्ने विषयमा छानबिन गर्न बनेको संसदीय छानविन विशेष समितिले आफ्नो प्रतिवेदन प्रतिनिधिसभा बैठकमा पेश गरेको छ ।

प्रतिनिधिसभाको शुक्रवार बसेको बैठकमा समितिका सभापति लक्ष्मणलाल कर्णले सो प्रतिवेदन पेश गर्नुभयो । प्रतिवेदनमा अर्थ मन्त्रालयका पदाधिकारीसँग गरिएको छलफल, मन्त्रालयबाट प्राप्त जवाफ र कागजात तथा सिसिटिभी फुटेजको अध्ययन गर्दा करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएको उल्लेख छ ।

"करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएको र करका दरले अर्थतन्त्रमा पारेको प्रभावको नियमित अध्ययन, संसद्को विषयगत समितिले नै गर्ने हुँदा त्यसतर्फ यस समितिले थप केही गर्नुपर्ने देखिएन", प्रतिवेदनको निष्कर्ष छ ।

अर्थ मन्त्रालयबाट 'एनभिआर सिस्टम' प्राप्त भएको र त्यसबाटसमेत समितिले खोजी गरेको मितिको फुटेज नभेटिएको सभापति कर्णले बताउनुभयो । समितिलाई सुरुमा १० दिनको अवधि दिइएकामा असार २८ गते काम सुरु गरेको थियो । समितिले सूचना, तथ्याङ्क सङ्कलन र स्थलगत छानविन गरेको सभापति कर्णले बताउनुभयो ।

समितिले अर्थ मन्त्रालयको सिसिटिभी जडान र अभिलेख निरीक्षण गरेको थियो । मन्त्रालय र मातहतको पदाधिकारीसँग छलफल गरिएको उहाँले जानकारी दिनुभयो ।

साउन ४ गते नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा सिसीटिभी फुटेज रिकभर गर्न पठाइएको थियो । मन्त्रालयबाट प्राप्त कागजात, पदाधिकारीसँगको छलफल, नेपाल प्रहरीको ल्याबबाट प्राप्त प्रतिवेदन र रिकभर भएका क्लिपलगायत कागजात र प्रमाणको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको उहाँले बताउनुभयो ।

प्रतिवेदनलाई सर्वसम्मत बनाउने प्रयास भए पनि कतिपय विषयमा सर्वसम्मत हुन नसकेकाले फरक मतका रुपमा प्रतिवेदनमा समेटिएको छ ।

संसदीय छानविन समिति गठन भएपछि अर्थमन्त्री शर्माले पदबाट राजीनामा दिनुभएको थियो ।

गत असार २२ गते बसेको प्रतिनिधिसभा बैठकमा सभामुख सापकोटाले सो सम्बन्धमा छानबिन गर्न ११ सदस्यीय छानविन विशेष समिति गठन गरिने घोषणा गर्नुभएको थियो ।

प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७७ बमोजिम सांसद कर्णको सभापतित्वमा गठित समितिमा सांसद खगराज अधिकारी, देवप्रसाद गुरुङ, पुष्पा भुसाल (गौतम), प्रदीपकुमार ज्ञवाली, भानुभक्त ढकाल, विमला विक, लक्ष्मणलाल कर्ण, शक्तिबहादुर बस्नेत, सीताराम महतो, सरलाकुमारी यादव र सुरेन्द्रप्रसाद यादव रहनुभएको थियो ।

सङ्घीय संसद् नयाँ बानेश्वरमा आज अपराह्न समितिका सभापति लक्ष्मणलाल कर्णले सो प्रतिवेदन सभामुख अग्निप्रसाद सापकोटालाई बुझाउनुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही साउन १७ गते मङ्गलबार अपराह्न १ बजे बस्नेछ । रासस

# टिपरको ठक्करबाट एकको मृत्यु

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको बरहथवा नगरपालिका-१०, किसनपुर टोलमा शुक्रबार टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । दुर्घटनामा मोटरसाइकल चालक रौतहटको ईशनाथ नगरपालिका-५, लक्ष्मीनियाँ टोल बस्ने २६ वर्षीय मुकेश साहको मृत्यु भएको हो ।

साह बरहथवा ७ मा रहेको जय शक्तिमान पाउरोटी उद्योगमा काम गर्थे । दक्षिणतर्फबाट आउँदै गरेको इन्द्र बाँनिया कन्ष्ट्रक्सनको बागमती प्रदेश ०३-००१ क ०१९६ नम्वरको टिपरले विपरीत दिशाबाट गइरहेको ना २१ प ७४०१ नम्वरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक साहको घटनास्थमै मृत्यु भएको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ ।

दुर्घटनामा संलग्न टिपर र त्यसका चालक मकवानपुरको भिमफेदी गाउँपालिका-६, सिमलटार बस्ने २७ वर्षीय राजु लामालाई बरहथवा प्रहरीले नियन्त्रणमा लिएको छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जलेश्वर भन्सारद्वारा एकसय ८१ प्रतिशत राजस्व असुली

जलेश्वर । महोत्तरीको जलेश्वर भन्सार कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा एकसय ८१ प्रतिशत राजस्व असुली गरेको छ ।

कार्यालयले आर्थिक वर्ष २०७८/७९ को साउनदेखि असार मसान्तसम्ममा रु एक अर्ब ७० करोड ७० लाख ७७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको थियो ।

भन्सारले सो अवधिमा तीन अर्ब नौ करोड ३४ लाख ७० हजार राजस्व असुली गरेको भन्सार अधिकृत एवं सूचना अधिकारी डिल्लीराम सुवेदीले जानकारी दिनुभयो ।

जलेश्वर भन्सारले पैठारी महसुलतर्फ रु एक अर्ब ११ करोड ८२ लाख ७ हजार लक्ष्य लिएकोमा एक अर्ब ८६ करोड ३९ लाख २४ हजार सङ्कलन गरेको छ । त्यस्तै मूल्य अभिवृद्धितर्फ रु ४३ करोड ५२ लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा ९४ करोड ७६ लाख ४१ हजार सङ्कलन गरेको छ ।

त्यसैगरी अन्तशुल्क तर्फ रु पाँच करोड ३१ लाख ६९ हजार सङ्कलन गर्ने लक्ष्य लिएकोमा चार करोड ८१ लाख ३४ हजार सङ्कलन गरेको छ । र त्यसैगरी अन्यतर्फ १० करोड ५ लाख एक हजार सङ्कलन गर्ने लक्ष्य लिएकोमा २३ करोड ३७ लाख ७२ हजार राजस्व सङ्कलन गरेको जनाइएको छ ।

सो भन्सार कार्यालयले गत आर्थिक वर्ष २०७८/७९ मा जम्मा एक अर्ब ७० करोड ७० लाख ७७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा सो अवधिमा रु तीन अर्ब ९ करोड ३४ लाख ७० हजार राजस्व असुली गरेको सूचना अधिकारी सुवेदीले बताउनुभयो । रासस



# प्रदर्शनमा उत्रियो 'पानीफोटो', खगेन्द्रको अग्निपरीक्षा

काठमाण्डु । फिल्म निर्माण, अभिनय र लेखनमा आफूलाई प्रमाणित गरिसकेका खगेन्द्रलामिछानेनिर्देशित फिल्म 'पानीफोटो'ले शुक्रवारबाट देशव्यापी प्रदर्शन थालनी गरेको छ । माओवादी जनयुद्धको पृष्ठभूमिमा निर्माण भएको फिल्मले बेपत्ता छोराको खोजीमा रहेको एक दाम्पतीको कथा वाचन गर्छ । मल्टीप्लेक्सहरुमा ठीकठाक शो पाएको फिल्मलाई सिंगल थिएटर भने पर्याप्त मात्रामा मिलेको छ ।

मल्टीप्लेक्सहरुमा बुधवारबाट खोलिएको फिल्मको एडभान्स बुकिङ उत्साहजनक हुन सकेन । त्यसो त, नेपाली फिल्मको टिकट काउन्टरबाटै बढी बिक्री हुने गर्छ । खगेन्द्रले लेखन र अभिनयबाट कमाएको विश्वास दर्शकलाई हलसम्म तान्ने एउटा आधार बन्न सक्छ । उनले पहिलो पटक फिल्म निर्देशन गरेकाले 'पानीफोटो'प्रति अपेक्षा उच्च छ । यसअर्थ, उनका लागि यो अग्निपरीक्षा हो ।

मल्टीप्लेक्समा दुई हिन्दी फिल्म 'एक भिलेन रिर्टन्स' र 'विक्रान्त रोना' पनि शुक्रवारबाट प्रदर्शनमा आएकाले 'पानीफोटो'लाई चुनौती ठूलो छ । यसलाई चिर्न फिल्मको 'वर्ड अफ माउथ' बलियो हुनु पर्नेछ । एडभान्स बुकिङको नतिजा हेर्दा फिल्मको इनिसियल व्यापार सामान्य हुने देखिन्छ । तथापि, माउथ पब्लिसिटी बलियो हुन सके बक्सअफिसमा फिल्म लामो रेसको घोडा बन्न सक्नेछ ।

फिल्ममा खगेन्द्रका अलावा अनुप बराल, मेनुका प्रधान, मलिका महत, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ्ग, राधा श्रेष्ठ, कमलमणि नेपाल, अशान्त शर्मा, अजम्म ढुङ्गाना, कमल देवकोटा, पुष्पा यादव, सुलक्षण भारती, टिकाभक्त जिरेल, अनोज पाण्डे, अनिल पाण्डे, अर्जुन पौडेल, नवराज गिरीलगायतको अभिनय छ । फिल्मको निर्मातामा रोजिना सिटौला र रविन्द्र बज्राचार्य छन् ।

# 'प्रकाश' ले नेपाली समाजको यथार्थता देखाउँछ : प्रदीप खड्का

काठमाण्डु । आगामी भदौ १० गतेबाट प्रदर्शनमा आउन लागेको ' प्रकाश'बाट अभिनेता प्रदीप खड्काले ठूलो आशा बोकेका छन् । पहिलो पटक भिन्न चरित्रमा अभिनय गरेका उनलाई यसपटक फरक शैलीको फिल्म रुचाउने दर्शकलाई पनि आकर्षित गर्नुपर्ने ठूलो चुनौती छ । त्यसैले उनले फिल्मको प्रचारलाई चुस्त बनाउन कुनै कसर छाडेका छैनन् । मेकरभन्दा उनी नै प्रचारमा दौडधुप गरिरहेका छन् ।

फिल्मको प्रचारको क्रममा बिहीवार पोखरा पुगेका उनले ' प्रकाश'ले नेपाली समाजको यथार्थतालाई देखाउने दाबी गरे । 'फिल्म समाजको यथार्थतामा आधारित कथा हो । जुम्लामा छायांकन गरिए पनि नेपाली समाजको यथार्थता, भोगाइलाई तथा समस्यालाई फिल्ममा देखाउन खोजिएको छ,' उनले भने । अभिनेता खड्काले फिल्मले आफूलाई कलाकार बनाएकोमा पनि गर्व महशुस गरे ।

फिल्ममा प्रदीपको आमाको भूमिकामा अभिनय गरेकी अभिनेत्री दीया मास्केले कुनै पनि पुरुषको हरेक सफलतामा महिलाको हात हुने कुरालाई आफ्नो भूमिकामार्फत् देखाउन खोजेको धारणा राखिन् । एउटा युवकले गाउँको सरकारी स्कूलको शिक्षक बन्न गर्ने संघर्ष फिल्मको मूल कथा भएता पनि आमा र छोराको भावनात्मक सम्बन्धको कथालाई पनि प्रस्तुत गरिएको दीयाको भनाई छ ।

निर्देशक दिनेश राउतले समाजको यथार्थपरक कथालाई व्यवसायिकीकरण गर्नुपर्ने आवश्यकतालाई औंल्याउँदै 'प्रकाश'ले नेपाली समाजको यथार्थतालाई जीवन्त रुपमा पस्किएको बताए । उनले आफ्नो अघिल्लो फिल्म 'प्रसाद'भन्दा एक स्तरमाथि उठेर काम गरेको पनि दाबी गरे । त्यस्तै, लेखक विकास सुवेदीले जीवन सङ्घर्षको पहाड भएको विषयलाई फिल्ममा चित्रण गरिएको बताए ।

महेन्द्र अधिकारीले साढे २ करोडमा निर्माण गरेको यस फिल्ममा रेनु योगी, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, निरज पन्थी, गोविन्द सुनुवार, रामबाबु रेग्मी, दिपेन्द्र शाहीलगायतको पनि अभिनय छ । बिनिस इन्टरटेनमेण्टको ब्यानरमा निर्माण भएको फिल्ममा राजेश श्रेष्ठको छायांकन, जीवन थापाको सम्पादन, सुवास भुषाल, दिपक शर्मा, तारा प्रकाश लिम्बु र एलिस कार्कीको संगीत छ ।

# रोमानियामा रोमान्टिक आँचल र विवेक



काठमाण्डु । विदेशमा नेपाली फिल्मको छायांकन गर्ने मामलामा निर्देशक तथा निर्माता मिलन चाम्स सबैभन्दा अगाडि मानिन्छन् । 'लिलिबिली', 'ह्याप्पी डेज', ' बोबी' फिल्मको विदेशी भूमिमा छायांकन गरिसकेका उनले विगत दुई सातादेखि नयाँ फिल्म 'वर एण्ड वधु'को पर्यटकीय देश रोमानियामा छायांकन गरिरहेका छन् । फिल्मको महत्त्वपूर्ण सिनदेखि गीतसम्म रोमानियामा छायांकन भएको छ ।

रोमानियाको छायांकन अन्तिम चरणमा रहँदा निर्माण टिमले केही तस्वीरहरु सार्वजनिक गरेको छ । जसमा अभिनेत्री आँचल शर्मा र नव-नायक विवेक कर्माचार्य रोमान्टिक मुद्रामा देखिएका छन् । छायांकनको क्रममा आँचलदेखि मिलन चाम्ससम्मले रोमानियाको राष्ट्रिय टेलिभिजनमा अन्तर्वार्ता समेत दिएका थिए । त्यहाँको टेलिभिजनमा फिल्मको छायांकन रिपोर्ट समेत प्रशारण गरिएको छ ।

मिलन चाम्सले अबको ३ दिनमा रोमानिया छायांकन सकिने र बाँकी छायांकन नेपालमा गरिने बताए । एलआरके इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित फिल्मको कार्यकारी निर्मातामा डाक्टर अमित रिजाल छन् । फिल्ममा विजय लामा, रमेश बुढाथोकी, रविन्द्र खड्का, हिमेश पन्त, किरण केसी, बुद्धि तामाङ, मनोज केसी, रविना केसी, सृष्टि खड्कालगायत पनि कलाकारको रुपमा छन् ।

रोमान्टिक कमेडी कथामा निर्माण भइरहेको फिल्ममा अभिनेत्री साम्राज्ञी आरएल शाह अतिथी भूमिकामा देखिँदैछिन् । रोमानियामा फिल्मको छायांकन राम्रो भएको र दर्शकले फरक स्वाद पाउने निर्देशक चाम्सको दाबी छ । सुदिप बरालको छायांकन रहेको फिल्मको कथा, पटकथा र संवाद प्रदीप भारद्वाजको हो । यो फिल्मका लागि आँचलले १० केजीभन्दा बढी तौल घटाएकी छन् ।

# 'पानीफोटो' हेर्न आग्रह गर्दै खगेन्द्र भन्छन्, 'मप्रतिको विश्वास चुक्न दिन्नँ'



काठमाण्डु । अभिनयमा आफूलाइ अब्बल रुपमा प्रस्तुत गरेका कलाकार खगेन्द्र लामिछानेले पहिलो पटक निर्देशन गरेको फिल्म 'पानीफोटो' शुक्रवारबाट प्रदर्शनमा आएको छ । करीब दुई दशक अगाडि गुरुकुलमा मञ्चन भएको नाटकको कथावस्तुमाथि उनले फिल्म निर्माण गरेका हुन् । फिल्मले द्वन्द्वकालमा बेपत्ता भएको छोरालाई खोजी गरिरहेको एक दाम्पतीको कारुणीक कथा भनेको छ ।

शुक्रवार पत्रकारहरुसँग बसेर फिल्म हेरेपछि कलाकार लामिछानेले कथावस्तुले छोएरै आफूले फिल्म बनाएको बताए । फिल्मको हरेक पार्टले आफूलाई छुने गरेको उनको भनाई छ । उनी भन्छन्, 'मैले अहिलेसम्म सयौंपटक फिल्म हेरिसकेको छु र हरेक पटक हेर्दा आफैंले नयाँ-नयाँ चिज भेटिरहेको हुन्छु । मेरो मनमा बसेको छ यो फिल्म । दर्शकलाई पनि फिल्मले छुन्छ भन्ने विश्वास छ ।'

उनले आफूप्रति दर्शकले गरेको विश्वास यसपटक पनि चुक्न नदिने ठोकुवा गरे । 'यसअघि मैले अभिनय गरेका कमर्शियल होस् वा अरु खालको फिल्म, दर्शकलाई निराशै बनाएको छैन । दर्शकहरुले पनि तपाईंको फिल्म हेरेर बर्बादै भयो भनेर भन्नुभएको छैन । यदी त्यो विश्वास अझै पनि मप्रति कायम छ भने ढुक्क भएर फिल्म हेर्न आउँदा हुन्छ । त्यो विश्वास म चुक्न दिन्नँ,' खगेन्द्र सुनिए ।

फिल्ममा महत्त्वपूर्ण भूमिकामा अभिनय गरेकी अभिनेत्री मलिका महतले 'पानीफोटो' हेर्दा आफू भावुक भएको बताइन् । 'फिल्म हेरिसकेपछि त्यसलाई व्यक्त गर्न मसँग शब्द छैन । फिल्म हेरिरहँदा म इमोसनल भएको थिएँ,' उनले भनिन्, 'कथावस्तुमा बग्दा म फिल्मभित्रै हराएँ । कति ठाउँमा मेरो आँखा रसायो । फिल्म हेरुन्जेल मन भारी भयो । म आफैं पनि आफ्नो कामबाट सन्तुष्ट छु ।'

फिल्मको छायांकन हुँदा निर्देशक खगेन्द्र लामिछानेले क्लिप्स हेर्न नदिएकाले मलिकालाई आफू कस्तो देखिएको छु र कस्तो काम गरेको छु भन्ने नै थाहा रहेनछ । त्यसैले पनि फिल्ममा आफूले गरेको काम हेर्न उत्सुक रहेकी उनी स्क्रिनमा आफूलाई हेर्दा कति ठाउँमा सरप्राइज भएको बताउँछिन् । त्यस्तै, अभिनेत्री मेनुका प्रधानले फिल्म हेरिरहँदा कथावस्तुमै आफू पनि बगेको बताइन् । फिल्ममा खगेन्द्र, मेनुका र मलिकाका अलावा अनुप बराल, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ्ग, राधा श्रेष्ठ, कमलमणि नेपाल, अशान्त शर्मा, अजम्म ढुङ्गाना, कमल देवकोटा, पुष्पा यादव, सुलक्षण भारती, टिकाभक्त जिरेल, अनोज पाण्डे, अनिल पाण्डे, अर्जुन पौडेल, नवराज गिरीलगायतको अभिनय रहेको छ । फिल्मको निर्मातामा रोजिना सिटौला र रविन्द्र बज्राचार्य छन् ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## परदेशी

अलार्म को घण्टी सँगै निन्द्र बाट जाग्नुपर्दा दुःख लाग्छ आँखा मिच्दै डिउटी तिर भाग्नुपर्दा
खाँडीमुलुक आईपुगेछु भाग्यकर्म छान्दा छान्दै ५० डिग्री चर्को घाम मा गैती, बेल्चा हान्दा हान्दै
अनायसै आमाको माया ममता खोज्न पुग्छु उत्ता फेरी च्वास्स बिझ्ने साहुको ऋण सोच्न पुग्छु
टुस्स बस्नु पाउनु छैन कामै मात्र लाउन खोज्छ सानो गल्ती गर्यो भने सिधै छोपन आउन खोज्छ
मानब हो कि दानव हुन यी,
मनमा दया आउने हैन बल्ल तल्ल महिना मर्यो समयमा तलब पाउने हैन
पसिनाको मूल्य पनि भिखसरी माग्नुपर्दा पीडा हुन्छ भोक भोकै बालुवा माटो उचाल्नुपर्दा



**लेखक : राजन कुमार दास**
**शहिदनगर ८**

## भोजपुरी गजल


काकहि भैया अपने देशके खेला !
चारु ओर लागलबा लुटेरन लोगके मेला !!
जिल्ला लुट्लख प्रदेश लुट्लख देश लुटेके बारि बा !
विकास होके नाहोके लुटेमे आगाडी बा !!
भोट लेके जानताके देखावता ढेला !
आ चारुओर लागलबा लुटेरन लोगके मेला !!
मधेश के त मधेशी लुट्लख दोसरा मे कहा दम रहे !
मधेशी नेता आवेसे पहिले कुर्सी यहा हर्दव रहे !!



**अरबिन्द कुमार मोदनवाल**
**प्रसौनी गाउँपालिका १ ( बारा)**

## भोला जी

दुल्हा मोर गँजेरी गे बहिना
छै बरका नसेरी गे बहिना
भाँग पिए पसेरी गे बहिना
दुल्हा हमर गँजेरी गे बहिना
हरदम सँग मे लटकौने,भाँग के झोरी
नासा नै छोरे,कतबो कहि कल जोरि
मन होई चैल जैती सब छोरि गे बहिना
दुल्हा हमर गँजेरी गे बहिना
भाँग के नासा मे रहैय हर्दम बौरायाएल
लाल टुरुस आँईख क नासा मे घुरियाएल
कतेक उनका घेरी गे बहिना
दुल्हा हमर गँजेरी गे बहिना



**रचना:- रमेश मन्डल धानुक**
**धनुषा ,नेपाल**

## कविता

समय अस्त्य ब्यस्त मै थियो ।
प्रयास उथिल्ने गुमानमा थियो..
प्रबल मै छ त्यो फेरियेको मुहार
नकिन मन मनै फेरिदै छ त्यो मुहार ।
समय नै छन्द हो ; समय मै फेरियेको त्यो मुस्कान हो ।
हावाको बेग सङै रितियेको त्यो मन मेरो
हावा मै उडेको र्प्यत्न हो त्यो मुस्कान मेरो ।
नजान किन गुमिदै छ त्यो मुस्कान मेरो ;
समयले फेरियेको प्रयास मेरो ।
अस्तित्व मै बिलिन त्यो चाहनाहरु ;
अस्तित्व मै गुमाउदै छन ती पाइला हरु ।
फेरिदै त्यो बाटो र गुमाउदै ती सपना
उथिलिनु छ ती चाहना !
प्रकाश को सक्षाप म उम्किनु छ फेरि ती सपना हरु ।



**रोशन झा**
**जनकपुर -१७, मनहरपुर**

## जनकपुरिया चुरोट जिन्दगी

बालकाल वितदै जान्छ उमेर अलिअलि बढदै जान्छ
जीत खैरे नै एउटा राम्रा र एउटा खराव साथीका संघत लाग्छ ,
एउटा खारब साथीले भन्छ एक दिन हिन चुरोट तान सिकाउँछु रे

त्यति खेर बल बल खुसी हुन्छ अनि भन्छ आइरे म पनि अब चुरोट तान भ रे

संघत लाग्न बितिकै न त रातिको १२ बुझ्ने न त दिनको २ किन भने त्यति खेर नै हुन्छ चुरोटको अमल छुई

हामी चाहिँ बिहान केफेमा र बेलुका चाहिँ गंगासागर र बार विगाहामा रमायो , त्यो पनि भएन भने

अरुको जयन्ती जादा हामी चाहिँ त्यो मै समायो राती दुई बजे चुरोट लिन अञ्चल अस्पताल सम्म पुर्यायो

हिजो संघतमा लय लय बिग्रियो खाइ अचनाक कता ठेस लागियो कोई कतै देखिएन समाहल्न पनि कोई पुगिएन,

त्यती खेर चाहिँ गोजीमा पनि थिएन र चुरोटले चाहिँ के भन्यो तेरो समय पनि अब सकियो



**अजय यादव ( स बि कान्छा दाई )**
**जनकपुरधाम ४ ( पिडारिया माई थान )**

## ।। तोरा सा रिश्ता छुइट गेलौ ।।

हमर चिज छै भुसा खखरी
तोहर चिज महान छौ

कि बजै छे गे गोरकी
मुँहमे नै कनिको लगाम छौ

हम सोचै छीयौ कि कि नै
तोरा लेल

तो सम्झै छे आन छे
कहै छी यौ तोरा निक बेजाय

लगै नै तोरा कोनो काम छौ
हमर चिज छै भुसा खखरी

तोहर चिज महान छौ
सदियौ सँ छलौ रिश्ता

पल भैर मे टुइट गेलौ
फुटल बेल आब जुटतौ नै

भाईयो भाई आब फुइट गेलौ
तो रे खातिर लगै छौ खुनक

रिश्ता छुइट गेलौ



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

# शिक्षाको गुणस्तर सुधारमा ध्यान दिन सांसदको माग

काठमाण्डु । सांसदहरुले शिक्षामा रहेका विभिन्न किसिमका समस्या समाधान गरेर शैक्षिक गुणस्तर सुधारमा लाग्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ । प्रतिनिधिसभाको शुक्रवारको बैठकमा शून्य समयमा बोल्दै सांसदहरुले समग्र विकासका लागि पहिले शिक्षामा सुधार गर्नुपर्ने औँल्याउनुभएको हो ।

सांसद नारायणप्रसाद खतिवडा अहिले एसइई परीक्षामा सामुदायिक र निजीमा फरक नतिजा देखिएकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारेर आगामी वर्ष राम्रो नतिजा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

सांसद पार्वतीकुमारी विसुङ्खेले सरकारले इसिडिका सहजकर्तालेे तोकिएको तलब नपाएकाले त्यसमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद डा डिला सङ्ग्रौलाले गुणस्तरिय नर्सिङ सेवामा सम्झौता नहुने गरी नर्सिङ अध्ययनको वातावरण बनाउन माग गर्नुभयो । सांसद दुर्गाबहादुर राउतले शिक्षामा परिवर्तन नहुँदासम्म अरु परिवर्तन अवरोध हुने भन्दै शिक्षामा विभेदिकरण रोकिनुपर्नेमा जोड दिनुभयो ।

सांसद टेकबहादुर बस्नेतले राप्ती राजमार्गमा बजेट नै नपर्ने र परेको बजेट कार्यान्वयन नभएको भन्दै काम नगर्ने व्यवसायीलाई कारबाहीको माग गर्नुभयो । सांसद् दिलकुमारीले लोक सेवाले मधेसका लागि जनशक्ति माग नगर्दा स्थानीय तहमा करारमा कर्मचारी रहेकाले भर्ना प्रक्रिया अघि बढाउन माग गर्नुभयो ।

सांसद दिव्यमणि राजभण्डारीले यो अधिवेशनमा महत्वपूर्ण विधेयक पास भए पनि राष्ट्रियसभामा उत्पत्ति भएका महत्वपूर्ण विधेयक रोकिनुको कारणबारे जिज्ञासा राख्नुभयो ।

सांसद नरबहादुर धामीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कारण घरबारविहीन स्थानीयवासीको समस्या समाधानका लागि धेरै कार्यदल बने पनि समाधान नभएकाले नागरिकलले दुःख पाइरहेको बताउनुभयो ।

सांसद नरमाया ढकालले प्रतिनिधिसभाको कार्यकाल सकिन लाग्दा पनि निर्वाचित सांसद रेसमलाल चौधरी जेलमा रहेको भन्दै दोषीलाई कारबाही गरेर निर्दोषलाई न्यायको माग गर्नुभयो ।

सांसद निरुदेवी पालले निर्मला पन्तको बलत्कारपछि हत्या गर्ने अपराधीलाई सरकारले कठघरामा ल्याउनुपर्ने र महिला हिंसाका घटनामा गम्भीर हुनुपर्ने बताउनुभयो ।

सांसद नवराज सिलवालले ललितपुरको माल्टामा ५० वर्षका लागि पुग्ने सिमेन्टको निर्माण सामग्री रहेकामा निजी कम्पनीले सस्तोमा जग्गामा लिएर काम नगरेकाले सरकारले त्यो स्वामित्व लिनुपर्ने औँल्याउनुभयो । रासस

# ‘सदनमै सङ्घीयता विरोधी आवाज उठ्यो, त्यसलाई प्रतिबन्ध लगाऔँ’

काठमाण्डु । सिङ्गो मुलुक सङ्घीयतालाई सबल र सुदृढ बनाउँदै अगाडि बढिरहेको अवस्थामा संसद्मै सङ्घीयता विरोधी अभिव्यक्ति आउन थालेको भन्दै त्यसलाई प्रतिबन्ध लगाउनुपर्ने आवाज उठेको छ ।

प्रतिनिधिसभाको शुक्रवारको बैठकको विशेष समयमा सांसद प्रमोद साहले जनताको बलिदानबाट प्राप्त सङ्घीयतालाई कमजोर बनाउने अभिव्यक्ति दिने छुट कसैलाई पनि नभएको बताउनुभयो ।

“सङ्घीयता त्यत्तिकै आएको होइन, उत्पीडनमा रहेका जनताको त्याग र बलिदानबाट आएको सङ्घीयतालाई कसैले कमजोर बनाउन सोचेको छ भने त्यो दिवा स्वप्न मात्र हो”, उहाँले भन्नुभयो, “संसद्मै केही पार्टीका नेताले सङ्घीयता विरोधी अभिव्यक्ति दिएका छन्, म त्यसप्रति खेद प्रकट गर्दछु, सङ्घीयतालाई कमजोर बनाउने विषय संसद्मा उठ्छ भने त्यसलाई प्रतिबन्ध लगाउनुपर्छ ।” उहाँले त्यस्ता आवाजलाई कुण्ठित गराउन सभामुखमार्फत रुलिङ गर्न माग गर्नुभयो ।

मुलुक सङ्घीयतामा गएकै कारण राज्यका निकायमा महिला, दलित, जनजाति, उत्पीडित तथा उपेक्षित वर्गको प्रतिनिधित्व बढेको भन्दै उहाँले सङ्घीयतालाई बलियो बनाउन सबैको ध्यान केन्द्रित हुनुपर्ने बताउनुभयो । प्रतिपक्षी दलका केही नेताले संसद्मै सङ्घीयता विरोधी आवाज उठाउन थालेको भन्दै उहाँले उत्पीडित जनता आफैँले सङ्घीयताको रक्षार्थ कुनै कसर बाँकी नराख्ने बताउनुभयो ।

सांसद लालबाबु पण्डितले मुलुककै जेठो त्रिभुवन विश्वविद्यालयभित्र देखिएको बेथितिको अन्त्य गर्न माग गर्दै सत्तारुढ दल निकट विद्यार्थी सङ्गठनबाट पटकपटक



तालाबन्दी भइरहेकामा आश्चर्य व्यक्त गर्नुभयो । मुलुक सङ्घीयतामा गएको लामो समय भइसक्दा पनि कर्मचारी समायोजनको काम नसकिँदा सेवा प्रवाहमा समस्या भएको उल्लेख गर्दै उहाँले तत्काल सङ्घीय निजामती ऐन ल्याउन माग गर्नुभयो ।

संविधानले तीन तहको सङ्घीय संरचनाको व्यवस्था गरे पनि प्रशासनिक सङ्घीयता कार्यान्वयन नहुँदा सङ्घीयतामाथि नै प्रश्न उठेको उहाँले बताउनुभयो ।

सांसद उमाशङ्कर अरगरियाले समयमै मल, बीउ, खाद र सिँचाइको व्यवस्था गराउन किसानले माग गर्दै आए पनि किसानका समस्या समाधान गर्न सरकारको ध्यान अझै नपुगको बताउनुभयो । “देशभर किसानको बेहाल छ”, उहाँले भन्नुभयो, “किसानका नाममा राजनीति भइरहेको छ, तर किसानको समस्या अझै सामाधान भएको छैन ।”

सांसद सुरेशकुमार राईले उदयपुरको घुर्मी र सुनसरीको चतरा जोड्ने सडकको निर्माण छिटो सम्पन्न गर्न आग्रह गर्नुभयो । सांसद प्रकाश स्नेही रसाइलीले दैलेखको गुराँस गाउँपालिकामा करारका कर्मचारी हटाउँदा भएको गोली प्रहारको घटनाको सत्यतथ्य छानविन गर्न माग गर्नुभयो ।

सांसद प्रेम सुवालले दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तु सरकारी स्वामित्वमा उत्पादन र वितरण नगरी मुलुक आत्मनिर्भर हुन नसक्ने उल्लेख गर्दै बन्द भएका औषधि, कपडा उद्योग तत्काल सञ्चालन गरिनुपर्ने बताउनुभयो ।

सांसद डा शिवमाया तुम्बाहाम्फेले आफ्ना अनुयायीलाई बलात्कारको आरोप लागेका कृष्ण गिरीले पशुपति क्षेत्रमा सञ्चालन गरेको धार्मिक कार्यक्रममा सरकारका उच्चपदस्थ व्यक्तिको सहभागिता देखिएको भन्दै यसबाट पीडित पक्ष झन् प्रताडित भएको बताउनुभयो । “बलात्कार आरोपीलाई गुरु मानेर हिँड्ने सरकारका मन्त्री र महान्यायाधिवक्ताको कामप्रति एमालेको आपत्ति छ, यसले पीडितलाई झन् पीडा थपेको छ”, उहाँले भन्नुभयो ।

सांसद लालबहादुर थापाले गत असार २३ गते बूढीगङ्गा नगरपालिकाको पुनःनिर्वाचनमा जनताले नेकपा (एमाले) लाई विजयी गराएको जनाउँदै लोकतन्त्रमा नागरिक नै सबैभन्दा शक्तिशाली हुने प्रमाणित भएको बताउनुभयो ।

सांसद जिपछिरिङ लामाले केही दिनदेखिको वर्षाले गर्दा धेरै सडक क्षतिग्रस्त भएको र विभिन्न ठाउँमा बस्ती विस्थापित हुने अवस्था रहेको भए पनि अहिलेसम्म क्षतिग्रस्त सडकको पुनःनिर्माण र असुरक्षित बस्तीको व्यवस्थापन हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँ हामी बोल्ने तर सरकार नसुन्ने हुनु हुँदैन ।” सांसद गजेन्द्रबहादुर महतले केही समय पहिले सिसिटिभी फुटेज तथा एम अधिकारीका बारेमा सदनमा आवाज उठेको र सिसिटिभी फुजेट खोज्न समिति बने पनि एम अधिकारी खोजी नभएको बताउनुभयो ।

सांसद समिना हुसेनले खेती लगाउने समयमा मलखाद र सिँचाइको अभावले किसान मर्कामा परेको जनाउँदै किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । “किसानले छोराछोरीलाई शिक्षा दिन तथा समाजिक व्यवहार सञ्चालन गर्न लिएको ऋण तिर्न नसकेको त्यस्तो ऋण मिनाहा हुनुपर्छ”, उहाँले भन्नुभयो । मधेस प्रदेशमा दाइजोका कारण महिलामाथि हिंसा हुने गरेको भन्दै उहाँले महिला हिंसाका घटना न्यूनीकरण गर्न सरकार गम्भीर बन्नुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्रकुमार केसीले गत आवमा पुँजीगत खर्च ५७ प्रतिशत मात्रै भएकाले कहाँ कमजोरी भएर सरकारको ढुकुटीबाट खर्च गर्न नसकिएको हो भनी खोज्नुपर्ने बताउनुभयो । नागढुङ्गा सुरुङमार्ग निर्माण हुनु खुसीको विषय भए पनि पहुँचमार्ग बनाउँदा गोरेटो, घोरेटो सबै विस्थापित भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “त्यहाँका स्थानीयवासीलाई आवतजावतमा समस्या भएकाले परम्परागत बाटो चालु गर्नुपर्छ ।”

सांसद चाँदतारा कुमारीले सिङ्गापुर र बेलायत सेनामा रहेका व्यक्ति तथा उनीहरुका परिवारमाथि भएको विभेदका बारेमा सरकारले चासो लिएर समाधानमा लाग्नुपर्नेमा जोड दिनुभयो । एसपिपीको गाँठो फुकाउन प्रतिनिधि नेपाल आएकाले सरकार र ठूला नेता गम्भीर हुनुपर्ने उहाँको भनाइ छ ।

सांसद यज्ञबहादुर बोगटीले वर्षाका कारण अछाममा घर पुरिएर एकै परिवारका तीन जनाको मृत्यु भएकाले त्यो परिवारलाई क्षतिपूर्ति र घाइतेलाई औषधिको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो । उहाँले विसं २०६५ मा पुनःनिर्माण सुरु भएको अछामको ऐतिहासिक दरबार अझै बन्न नसकेकाले निर्माण व्यवसीलाई कारवाहीको माग गर्नुभयो ।

सांसद मोहन बानियाँले एसपिपीको पास हुँदैछ भन्ने कुरा आएकाले सजग हुनुपर्ने बताउनुभयो । नागरिकता विधेयकमा ३३/३४ संशोधन हुँदाहुँदै र विरोधका बीच पास भएकाले भोलि पर्नसक्ने प्रभाव सरकारले बुझ्नुपर्ने उहाँको धारणा छ ।

सांसद देवप्रसाद तिमलसेनाले कृषिप्रधान देश भए पनि किसानले समयमा मलखाद नपाएको उल्लेख गर्नुभयो । तराईमा अझै पनि खडेरी लागेकाले रोपाइँ हुन नसकेकाले किसानप्रति उत्तरदायी भएर सुक्खा क्षेत्र घोषणा गरेर राहत दिनुपर्नेमा जोड दिनुभयो । रासस

# ‘शिक्षा र स्वास्थ्यमा राज्यले जिम्मेवारी लिनुपर्छ’

काठमाण्डु । बागमती प्रदेशसभाका सदस्यहरुले जोखिममा रहेका र विपन्न बालबालिकालाई राज्यले सहजरुपमा गुणस्तरीय शिक्षाको पहुँच दिनुपर्नेमा जोड दिएका छन् ।

बागमती प्रदेशसभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सहकार्यमा लुनिभाः बाल सरोकार समूह र पाटन सिविआरद्वारा आयोजित ‘सुरक्षित, समावेशी र सहयोगी विद्यालय शिक्षा’ विषयक नीतिगत संवाद कार्यक्रममा सो समितिका सभापति केशव पोखरेलले शिक्षा र स्वास्थ्यमा राज्यले पूर्ण जिम्मेवारी लिनुपर्ने भएकाले विद्यालयमा पढ्न आउने विद्यार्थीलाई दिवा खाजाको पनि पूर्ण व्यवस्था सरकारको हुनुपर्ने बताउनुभयो । उहाँले विद्यार्थी कम र शिक्षक बढी भएका सामुदायिक विद्यालयलाई व्यवस्थापन गरेर शिक्षामा गुणस्तर सुधार्न आवश्यक भएको बताउनुभयो ।

प्रदेशसभा सदस्य बद्री मैनालीले सरकारी र निजीको दुई खाले शिक्षा प्रणाली अन्त्य गरेर शिक्षामा सर्वसुलभता कायम गरी मौलिक हकको कार्यान्वयन गर्न आग्रह गर्नुभयो भने अर्का प्रदेश सदस्य गोमा भुर्तेलले शिक्षासम्बन्धी नीति र कानूनको कार्यान्वयन फितलो भएको टिप्पणी गर्नुभयो । प्रदेश सदस्यहरु प्रेमबहादुर दुलामी, मैना अछामी, भीमसेन खत्री, दावा दोर्जे लामा, सरस्वती बाटी, जीवन खड्काले सङ्घीय शिक्षा ऐन ल्याउन ढिलाइ हुँदा असहज भएको जनाउनुभयो ।

अधिकारकर्मी मिलन धरेलले कार्यपत्र प्रस्तुत गर्दै विद्यालय जाने बाटो, विद्यालयको वातावरण, भौतिक पूर्वाधार, यातायात आदिमा सुरक्षित हुनुपर्ने र विद्यालयमा हिंसा हुन नहुने, विद्यालयमा प्राथमिक उपचार केन्द्र हुनुपर्ने, बाल संरक्षण नीति र संयन्त्रको कार्यान्वयन र आपत्कालीन सहायता हुनुपर्ने बताउनुभयो ।रासस

# ‘नेपाल विशेष सेवा विधेयक’ दफावार छलफलका लागि समितिमा

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रवारको बैठकले ‘नेपाल विशेष सेवा विधेयक, २०७६ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले राष्ट्रियसभामा उत्पत्ति भएको ‘नेपाल विशेष सेवा विधेयक, २०७६ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्’ भनी बैठकमा प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले प्रतिनिधिसभामा उत्पत्ति भएको ‘नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९’ संशोधनविना राष्ट्रियसभाबाट पारित भएको सन्देशको व्यहोरा पढेर सुनाउनुभएको थियो । राष्ट्रियसभाबाट बिहीबार सो विधेयक पारित भएको थियो ।

उहाँले राष्ट्रियसभामा उत्पत्ति भएको ‘शपथसम्बन्धी विधेयक, २०७८’ का सम्बन्धमा राष्ट्रियसभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल गर्नुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक आजै अपराह्न ३ बजे बस्नेछ । रासस

# एसपिपीमा सहभागी नहुने विषयमा नेपालले अमेरिकालाई पत्राचार गरिसक्यो : परराष्ट्रमन्त्री खड्का

काठमाण्डु । परराष्ट्रमन्त्री डा नारायण खड्काले अमेरिकी सरकारबाट प्रस्तावित ‘स्टेट पार्टनसीप प्रोग्राम’मा सहभागी नहुने नेपाल सरकार निर्णय अमेरिकालाई पत्राचार भइसकेको जानकारी दिनुभएको छ ।

प्रतिनिधिसभाको शुक्रवारको बैठकमा उहाँले एसपिपी अगाडि नबढाउने र सो जानकारी अमेरिकी सरकारलाई गराउने मन्त्रिपरिषद्को निर्णयलाई परराष्ट्र मन्त्रालयले कार्यान्वयन गरिसकेको छ भन्नुभयो ।

“नेपालले एसपिपीलाई अगाडि नबढाउने निर्णय गरेको लिखित दस्तावेज कूटनीतिक माध्यमबाट यही साउन ९ गते अमेरिकी सरकारसमक्ष पठाइएको छ”, उहाँले भन्नुभयो ।

सो सम्बन्धमा आन्तरिक परामर्श आवश्यक भएकाले पत्राचारका लागि केही समय लागेको उहाँले प्रष्ट्याउनुभयो । सरकारले गत असार ६ गते एसपिपीमा सहभागी नहुने र सोको जानकारी अमेरिकी सरकारलाई पठाउने निर्णय गरेको थियो ।

“मित्रराष्ट्रसँग आगामी दिनमा पनि सहकार्यका लागि विभिन्न निकायका बीचमा गृहकार्य, आन्तरिक संवाद, छलफल आवश्यक भएकाले पत्राचारका लागि केही समय लागेको हो”, मन्त्री खड्काले भन्नुभयो ।

एसपिपीका सम्बन्धमा नेपाल सरकारले गरेको निर्णयबारे अमेरिकासँग कूटनीतिक माध्यमबाट जानकारी गराइसकिएको उहाँले सदनलाई जानकारी गराउनुभयो ।

“यस सम्बन्धमा नेपाल सरकारको दृष्टिकोण स्पष्ट नै छ, नेपाल सरकार सार्वभौमसत्ता सम्पन्न राष्ट्रको कार्यपालिकाको सर्वोच्च निकायले गरेको निर्णयप्रति संशय व्यक्त गर्नु अस्वभाविक हुन्छ”, उहाँले भन्नुभयो । एसपिपीका सम्बन्धमा अमेरिकालाई पत्राचार गर्न ढिलाइ



भएको विषयमा आवाज उठाउने सांसदप्रति उहाँले आभार प्रकट गर्नुभयो ।

**स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिप्रति सरकार प्रतिबद्ध**

वर्तमान गठबन्धन सरकारले संवैधानिक व्यवस्था, संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्त, अन्तर राष्ट्रिय कानुनअनुसार विशेष आन्तरिक नीति सञ्चालन गर्दै आएको र त्यसका लागि सरकार सक्षम रहेको मन्त्री खड्काले बताउनुभयो ।

“स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति, राष्ट्रिय स्वार्थ र हित संरक्षण तथा प्रवर्द्धन गर्न गठबन्धन सरकार पूर्ण जानकार छ”, उहाँले भन्नुभयो ।

उहाँले राष्ट्रको हितलाई ध्यानमा राखेर सरकारले आफ्ना कदम अगाडि बढाएको बताउनुभयो । भविश्यमा पनि यही स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिलाई अगाडि बढाउन सकारका प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

“नेपाल सरकारले वैदेशिक सहायता प्राप्त गर्दा वा कुनै विषयमा सहकार्य गर्दा मुलुकको सर्वोपरी हितलाई केन्द्रमा राख्ने गरेको छ”, मन्त्री खड्काले भन्नुभयो, “नेपालले असंलग्न परराष्ट्र नीति अङ्गीकार गर्दै आएको छ । उक्त नीतिप्रति प्रतिबद्ध रहेको मुलुकले कुनै पनि सैन्य गठबन्धनमा आबद्ध हुने प्रश्न पनि उठ्दैन ।” प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो नेतृत्वको सरकारबाट राष्ट्र हितविपरीत कुनै सन्धि, सम्झौता वा गतिविधि हुन नदिने प्रतिबद्धता स्वयं संसद्मा व्यक्त गर्नुभएको स्मरण गराउँदै उहाँले राष्ट्रको सर्वोपरी हितलाई केन्द्रमा राखी स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति सञ्चालन गर्न सरकार सक्षम रहेको बताउनुभयो । “यस कुराबाट सरकार किञ्चित् बिचलित नहुने व्यहोरा दोहोर्‍याउन चाहन्छु”, उहाँले भन्नुभयो ।

सरकारले गत असार ६ गते एसपिपीलाई अघि नबढाउने र सोको जानकारी अमेरिकालाई दिने निर्णय गरेको थियो । एसपिपीका सम्बन्धमा सरकारको निर्णयका सम्बन्धमा परराष्ट्र मन्त्रालयले अमेरिकालाई पत्राचार नगरेको भन्दै सांसदले प्रश्न उठाउनुभएको थियो । सभामुख अग्निप्रसाद सापकोटाले एसपिपीका बारेमा सदनमा जानकारी गराउन सरकारलाई ‘रुलिङ’ गर्नुभएको थियो ।

मन्त्री खड्काको जवाफपछि सांसदहरु डा भीमबहादुर रावल, डा शिवमाया तुम्बाहाङ्फे, नवराज सिल्वाल, गगनकुमार थापा, महेश बस्नेत, प्रेम सुवाल, दिव्यमणि राजभण्डारी, घनश्याम खतिवडा, डा डिला सङ्ग्रौला, बिन्दा पाण्डेलयायतले सो पत्रको व्यहोरा संसद्मा वाचन गरेर सुनाउन माग गर्नुभएको थियो । रासस

# बाघको बासस्थान व्यवस्थापन गर्न आवश्यक : प्रधानमन्त्री देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले प्रकृतिको विशिष्ट र दुर्लभ वन्यजन्तुका रुपमा रहेको बाघ आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको बताउनुभएको छ ।

विश्व बाघ दिवसका अवसरमा राष्ट्रिय बाघ संरक्षण समिति नेपालद्वारा शुक्रवार यहाँ आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले बाघको संरक्षणबाट वातावरण स्वच्छ हुने भएकाले यसको संरक्षणमा जुट्न आह्वान गर्नुभयो ।

बाघ पाइने विश्वका सीमित देशमध्ये नेपाल पनि एक भएको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री देउवाले बाघको संरक्षणबाट पर्यटकीय क्रियाकलाप गरी आर्थिक उपार्जन बढ्ने बताउनुभयो ।

“बाघको संरक्षण वृद्धि सुखद, नेपालले सन् २०१० रुसको सेन्ट पिटर्सवर्गमा गरिएको सम्मेलनको महत्वाकाङ्क्षी योजनाअनुसार लक्ष्य पूरा गर्न योगदान गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु, बाघका लागि पर्याप्त आहार र विचरण क्षेत्र नहुँदा मानवबस्तीमा पसेर दुःखद् घटना हुने गरेकाले यसबाट सचेत हुनुपर्ने समय आएको छ, जनता ठूलो कि जनावर ठूलो भन्ने बहस चलेको छ”, उहाँले भन्नुभयो ।

बाघको बासस्थान व्यवस्थापन गरेर स्थानीयवासीको जीविकोपार्जन सुधार गर्न आवश्यक रहेको प्रधानमन्त्री



देउवाले बताउनुभयो । बाघ संरक्षणका चुनौती अन्त्य गर्न थप अध्ययन अनुसन्धान आवश्यक भएको भनाइ उहाँले राख्नुभयो । संरक्षित क्षेत्र वरपरको बस्तीलाई सुरक्षित गर्न आवश्यक भएको पनि प्रधानमन्त्री देउवाले बताउनुभयो ।

बाघको छला, हड्डीलगायतका कारण चोरी सिकारी हुनसक्ने भएकाले संरक्षणका चुनौती सामना गर्ने गरी तयारी गर्न मन्त्रालयलगायत सरोकार भएका निकायलाई उहाँले निर्देशन दिनुभयो । उहाँले बाघ संरक्षणका लागि कर्मचारी वृद्धि, क्षमता वृद्धि, अन्तर्राष्टिय सहायता संस्थासँग समन्वय आवश्यक भएको धारणा राख्नुभयो । हालै सरकारले वन्यजन्तु मैत्री पूर्वाधारनिर्देशिका जारी गरेकाले त्यसअनुसार काम हुने विश्वास प्रधानमन्त्री देउवाले व्यक्त गर्नुभयो । समारोहमा पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बाघको संरक्षणका लागि मन्त्रालय र यसअन्तर्गतका निकायलाई आग्रह गर्नुभयो । बाघ संरक्षणका क्षेत्रमा राम्रो काम गर्नेलाई पुरस्कृत गर्न पनि उहाँले सुझाव दिनुभयो ।

“नेपाललाई अन्तर राष्ट्रियस्तरमा परिचित गराउन बाघ पनि महत्वपूर्ण भएकाले यसको संरक्षण गर्नु आवश्यक छ, बाघको संरक्षणका लागि वन क्षेत्रको विकास गर्नुपर्छ, यसका लागि प्रकृति संरक्षण कोषले पनि ध्यानदिनुपर्छ”, अध्यक्ष नेपालले भन्नुभयो ।

प्रकृतिको संरक्षण गर्न नसके कुनै पनि जनावरको रक्षा गर्न नसकिने भएकाले सबैले आआफ्नो स्थानबाट संरक्षणमा जुट्नुपर्ने उहाँको भनाइ थियो । वन तथा वातावरण मन्त्रालयका सचिव पेमनारायण कँडेलले बाघको संरक्षण गर्दा सङ्ख्या वृद्धि हुनुका साथै वातावरण संरक्षणमा पनि सहयोग पुग्ने भनाइ राख्नुभयो ।

बाघको सङ्ख्या वृद्धिका लागि विशेष कार्यक्रम सुरु गरिएको उहाँले बताउनुभयो । बाघ पाइने स्थानको पहिचान गरी नेपाली सोनाकोसमेत सहयोगले बाघ संरक्षण गर्न सकिएको उहाँले जानकारी गराउनुभयो ।

सो अवसरमा हाल नेपालमा बाघको सङ्ख्या ३५५ पुगेको जानकारी गराइएको थियो । सन् २०१० अघि १२१ बाघमात्र नेपालमा थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक रामचन्द्र कँडेलले सन् २०१० मा बाघको सङ्ख्या घटेकामा हाल उल्लेखनीयरुपमा बढेको बताउनुभयो । नौ प्रजातिका बाघमध्ये विश्वमा तीन प्रजाति लोप भएर तीन प्रजातिमात्र थियो ।

विश्वका १३ देशले गरेको प्रतिबद्धताअनुसार नेपालले दोब्बर बनाउन सफल भएको जानकारी पनि उहाँले दिनुभयो । बाघ संरक्षणमा नेपाल सफल देशका रुपमा स्थापित भएको छ ।रासस

# इन्डोनेसियामा कोरोनाविरुद्ध चौथो मात्रा खोप लगाउन सुरु



**सिन्ह्वा**

जाकार्ता । इन्डोनेसियामा शुक्रबारदेखि कोरोनाभाइरसविरुद्ध चौथो मात्रा खोप लगाउन सुरु गरिएको छ । पहिलो चरणमा स्वास्थ्यकर्मीहरूलाई चौथो मात्राको खोप लगाउन थालिएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

स्वास्थ्यकर्मीहरूलाई लगाएपछि अरूलाई लगाउने गरी तयारी भइरहेको पनि उनीहरूले बताएका छन् । स्वास्थ्य मन्त्रालयले बिहीबार जारी गरेको वक्तव्यमा सुरुमा १९ लाख स्वास्थ्यकर्मीहरूलाई खोप लगाइने उल्लेख गरिएको छ। पछिल्लो समय इन्डोनेसियाका कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएकाले चौथो मात्राको खोप लगाउनुपरेको मन्त्रालयको भनाइ छ।

सङ्क्रमितहरू बढेपछि स्वास्थ्यकर्मीहरू उच्च जोखिममा रहेकाले सुरुमा उनीहरूलाई खोप लगाइने भएको अधिकारीहरूले जनाएका छन् । बिहीबार सार्वजनिक गरिएको विवरणानुसार पछिल्लो एक दिनमा इन्डोनेसियामा छ हजार ३५३ जना कोरोना भाइरसबाट नयाँ सङ्क्रमित भएका छन् भने अरु १७ जनाको मृत्यु भएको छ ।

# अमेरिकी र चिनियाँ राष्ट्रपतिबीच साढे दुई घण्टा कुराकानी

**एएनआई**

वासिङ्टन । अमेरिका र चीनका राष्ट्रपतिबीच शुक्रबार साढे दुई घण्टा कुराकानी भएको छ। भिडियो माध्यममार्फत भएको कुराकानी द्विपक्षीय सम्बन्ध र अन्तर्राष्ट्रिय विविध विषयमा केन्द्रित भएको अधिकारीहरूले जनाएका छन् ।

अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले लामो कुराकानीका क्रममा केही विषयमा गहिरोसँग छलफल भएको जनाएको छ । वाइडेनले राष्ट्रपतिको जिम्मेवारी सम्हालेपछि उहाँहरूका बीचमा अहिलेसम्म पाँचपटक फोन तथा भिडियो कुराकानी भएको छ ।

बाइडेन अमेरिकाको उपराष्ट्रपति हुँदा उहाँकै निमन्त्रणामा सन् २०१५ मा सीले अमेरिका भ्रमण गर्नुभएको थियो । तर बाइडेन राष्ट्रपति भएपछि भने



दुई नेताको भेट भएको छैन । पछिल्लो कुराकानीमा उहाँहरूका बीचमा चाँडै नै भौतिकरुपमै भेटवार्ता गर्ने सहमतिसमेत भएको छ ।

साथै अहिलेको भिडियो कुराकानी विशेष गरेर ताइवान मामिलामा केन्द्रित भएको र एकअर्काप्रति कतिपय असहमति प्रकट गरेको जनाइएको छ ।

अमेरिककाको तल्लो सदनकी सभामुख न्यान्सी पलोसी ताइवान भ्रमणमा जान लागेको चर्चा चलेपछि अमेरिका र चीनबीच तनाव थप बढेको छ ।

अमेरिकाले ताइवानलाई महत्व दिएर गलत भूमिका खेल्न खोजेको चिनियाँ अधिकारीहरूको भनाइ छ ।

सभामुख पलोसीले ताइवानको भ्रमण गरेमा राम्रो नहुने चेतावनी चीनले अमेरिकालाई दिँदै आएको छ । तर अमेरिकाको विदेश मन्त्रालयले भने पलोसीले ताइवानको भ्रमण गर्ने कुनै योजना नबनाएको दाबी गरेको छ ।

# अफगानिस्तानमा शारिया कानुन कार्यान्वयनका लागि तालिवानको दवाव

**एएनआई**

काबुल । मुलुकमा महिला र अल्पसङ्ख्यकको अधिकारको खस्कँदो अवस्थाबारे समाचार आइरहेका समय तालिवान समूहले अफगानिस्तानमा शारिया कानुन लागू गर्न आह्वान गरेको छ। तालिवानले अफगानिस्तानको मौलिक संस्कार र संस्कृतिलाई जोगाउन भन्दै इस्लामिक मूल्य मान्यताको संरक्षण गर्नुपर्नेमा जोड दिएको हो ।

इस्लामिक इमिरेट्स अफ अफगानिस्तानका नेता मावलावी हिबातुल्लाह अखुन्दजादाले कान्दहारमा प्रान्तीय गभर्नररूसँग गरेको भेटमा शारिया कानुनमार्फत हरेक समस्या समाधान गर्नुपर्नेमा जोड दिएका खामा प्रेसले लेखेको छ । 'विगत २० वर्षमा शारिया र इस्लाम विरोधी वक्तब्यवाजी धेरै भएका छन् तर जनताले बनाएका कानूनहरू कार्यान्वयनका लागि सही छैनन्,' अफगानिस्तान सरकारका प्रवक्ता जाबिउल्ला मुजाहिदलाई उद्धृत गरी खामाले लेखेको छ । वक्तव्यमा मुलुकका महिला र अल्पसङ्ख्यकसम्बन्धी सबै अधिकार शारियामा आधारित हुनुपर्छ भन्नेमा जोड दिइएको छ ।

सर्वोच्चले दिएको पछिल्लो निर्देशनमा कक्षा छभन्दा माथिका छात्राहरूलाई विद्यालयमा उपस्थित भएर लिइने शिक्षाको पहुँचबाट बञ्चित गरिएको छ । तालिबानले गत वर्ष अगस्टमा अफगानिस्तानमाथि नियन्त्रण पाएदेखि उनीहरुले अफगानिस्तानका महिलाविरूद्ध हुनेगरी नीतिहरूको अख्तियार गर्दै आएको छ ।


यसैबीच, तालिबानले महिला कर्मचारीहरूविरुद्धको उर्दी जारी गर्दै उनीहरूको सट्टामा पुरुष नातेदारहरूलाई पठाउन भनेको छ । आफ्नो अधिकारको हनन गरेको र सरकारी संस्थाहरूबाट महिलाहरूलाई हटाएकोमा अफगान महिलाहरूले तालिबानविरुद्ध विरोध प्रदर्शन गर्दै आएका छन् ।

# ताइवानमाथि चीनको सीले दिए यस्तो चेतावनी, सहयोगको माग

**एपी**

बेइजिङ । राष्ट्रपति आफ्ना अमेरिकी समकक्षी जो बाइडेनसँग फोन गर्दा ताइवानसँग चीनको व्यवहारमा हस्तक्षेप नगर्न चेतावनी दिएका छन् ।

उक्त फोनवार्तामा अमेरिका र चीनबीचको व्यापार, प्रविधि वा अन्य तनाबबारे कुनै प्रगति को



सङ्केत भने देखिएन। चीनले आफ्नो इलाकाको रूपमा दाबी गरेको ताइवानमा अमेरिकी संसदका सभामुख न्यान्सी पेलोसीको सम्भावित भ्रमणप्रति बेइजिङले चासो व्यक्त गर्दै आएको छ।

बिहीबार भएको करिब तीन घण्टाको लामो फोनवार्ताबारे चीन सरकारले दिएको सारांशमा चिनियाँ राष्ट्रपति सीले विश्वका दुई ठूला अर्थव्यवस्थाहरूलाई विभाजन नगर्न अमेरिकी राष्ट्रपतिसँग आग्रह गरेको बताइएको छ । चिनियाँ औद्योगिक नीति र प्रविधि निर्यातमा अमेरिकी रोकले विश्व अर्थतन्त्रलाई हानि पुऱ्याउन सक्ने चिनियाँ र अमेरिकी व्यापारी तथा अर्थशास्त्रीहरूले चेतावनी दिनेगरेका छन् ।

यसैबीच सी र बाइडेनले प्रत्यक्ष भेटघाटको सम्भावनाबारे पहल गरिरहेका आफ्नो पहिचान सार्वजनिक नगर्ने शर्तमा एक अमेरिकी अधिकारीले बताएका छन् । सीसँग विश्वका प्रमुख २० अर्थतन्त्रहरूको समूहको बैठकका लागि नोभेम्बरमा इण्डोनेशिया उपस्थित हुनसमेत आमन्त्रित गरिएका र त्यहाँ सी र बाइडेनबीच प्रत्यक्ष वार्ता हुने सम्भावना रहेको ती अधिकारीले बताए ।

चीन सरकारले सी र बाइडेनले ताइवानको भ्रमण गर्न अमेरिकी संसदकी सभामुख न्यान्सी पेलोसीको सम्भावित योजनाबारे प्रत्यक्ष कुनै छलफल भएको वा नभएकोबारे जानकारी दिएको छैन ।

तथापि, चीनको सत्तारुढ कम्युनिष्ट पार्टीले विदेशी सम्बन्ध सञ्चालन गर्ने अधिकार ताइवानलाई नभएको बताएको छ । तर सीले 'बाह्य शक्तिहरूको हस्तक्षेप' अस्वीकार गर्दै ताइवानलाई दशकौं पुरानो वास्तविक स्वतन्त्रता स्थायी बनाउन प्रोत्साहित गर्न सक्ने धारणा राख्दै आएका छन् ।

# बाढीमा परी इरानमा २६ जनाको मृत्यु

**सिन्ह्वा**

तेहरान इरानका विभिन्न चार प्रान्तमा बिहीबार राति आएको भीषण बाढीमा परी कम्तीमा २६ जनाको मृत्यु भएको अर्ध सरकारी समाचार एजेन्सी तस्निमले जनाएको छ। दक्षिणपूर्वी इरानको तेहरान, सिस्तान र बलुचेस्तान र उत्तरी इरानको मरकाजी र माजान्दरान प्रान्तहरू भीषण बाढी आएको हो।

केही दिन अघिदेखि थुप्रै इरानी शहरहरूमा भारी मनसुन वर्षा भइरहेको छ जसले प्रत्यक्षरूपमा जनधनको क्षति गराएको छ। भारी वर्षाले इरानका २० प्रान्तहरू बाढीबाट प्रत्यक्ष प्रभावित भएका छन् जसका कारण १०० काउन्टी र ३०० गाउँमा ठूलो क्षति पुगेको छ।

# पाकिस्तानमा बाढी पहिरोका कारण दुई महिनामा ३५७ जनाको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानमा यस वर्ष मनसुन सुरु भएदेखि अहिलेसम्म वर्षापछिका विभिन्न घटनामा परी कम्तीमा तीन सय ७५ जनाको मृत्यु भएको छ । वर्षाका कारण पाकिस्तानमा बाढी, पहिरो, डुबानलगायतका घटना भएका छन् । ती घटनामा परी उनीहरूको मृत्यु भएको हो ।

ती घटनाका कारण अरु चार सयभन्दा बढी घाइते भएका छन् । उनीहरूलाई विभिन्न अस्पतालमा उपचार गराइएको छ । पाकिस्तानमा यस वर्षको मनसुन गत जुन १ देखि सुरु भएको मानिएको छ भने अधिकांश ठूला घटना जुन १४ देखिए भएका छन् ।

राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणले बिहीबार सार्वजनिक गरेको विवरणानुसार मानवीय क्षतिबाहेक पाकिस्तानमा भौतिक क्षति पनि धेरै भएको छ । क्षतिको विवरण हेर्दा देशभरि नै क्षति भएको देखिएको छ । मनसुन अझै नरोकिएकाले क्षति पनि अझै धेरै हुने अनुमान गरिएको छ । प्राधिकरणले २३ हजार सात सय ९२ घरमा पूर्ण तथा आङ्शिक क्षति भएको जनाएको छ । सडक, सञ्चार, विद्युत्, सार्वजनिक भवनहरूलगायतमा पनि क्षति पुगेको छ ।

प्रधानमन्त्री शाहबाज शरिफले बिहीबार ट्वीट गर्दै पाकिस्तानले जलवायु परिवर्तनले पार्ने असर भोगिरहेको उल्लेख गर्नुभएको छ । उहाँले त्यस चुनौतीलाई सामाना गर्न तत्काल सबैले सामूहिक प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

# अफगानिस्तानको पूर्वी क्षेत्रमा ३ जना आईएस लडाकु मारिए

**सिन्ह्वा**

मेहतारलाम । अफगानिस्तानको पूर्वी लाघमान प्रान्तमा सुरक्षा बलको आक्रमणमा कम्तीमा तीन इस्लामिक स्टेट (आईएस) लडाकूलाई मारिएको स्थानीय अधिकारीले शुक्रबार जानकारी दिएका छन्।

अफगान सुरक्षा बलले बिहीबार राति प्रान्तको अलिङ्गर जिल्लाको कुण्डा गुल क्षेत्रमा आईएस लडाकूहरूको समूहलाई लक्षित गरी आक्रमण गरेको प्रान्तीय गभर्नरका प्रवक्ता सलाहुद्दीन जाहिदले सिन्ह्वालाई बताएका छन्। मारिनेमा आइएसका कमाण्डर फिरोज समेत रहेको प्रहरीले जनाएको छ ।

गत हप्ता अफगानिस्तानमा दाएस भनेर चिनिने आइएस समूहसँग सम्बद्ध तीन कट्टरपन्थीहरू मारिएका थिए भने र देशको उत्तरी सामंगन प्रान्तमा विभिन्न किसिमका ४० थान हतियार बरामद गरिएको थियो।

# ८५ हजार तीन सय २० कोभिड-१९ का नयाँ सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा २४ घण्टाको समयावधि अर्थात् बिहीबार मध्यरातसम्म ८५ हजार तीन २० जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ । यसैसँगै यहाँका कुल सङ्क्रमितको सङ्ख्या एक करोड ६२ लाख पाँच सय १७ पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रबार बताएका छन् ।

अघिल्लो दिनको तुलना केही मात्रामा कोभिड सङ्क्रमण घटेको जनाइएको छ । तर यो एक हप्ताअघि ६८ हजार पाँच सय ९७ को तुलनामा बढेको कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी जानकारी दिएको छ। नयाँ केसहरूमध्ये, चार सय ३९ जना आयातित रहेको जनाइएको छ । यद्यपि ४३ हजार पाँच सय ३८ जना कोरोनामुक्त भएका छन् । गम्भीर अवस्थामा रहेका




सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा ३८ जनाले बढेर २३४ पुगेको छ । यस अवधिमा थप ३५ जनाको मृत्यु भएपछि मृत्यु हुनेको कुल सङ्ख्या २४ हजार नौ सय ९२ पुगेको छ। कुल मृत्युदर ०.१३ प्रतिशत रहेको छ।

# युक्रेनले दक्षिणतर्फ फौज केन्द्रित गर्न खोजिरहँदा किएभ नजिकै हमला

**बीबीसी**

किभ। रुसले युक्रेनभर घातक हमलाहरू गरेको छ। किएभले दक्षिणी खेर्सन क्षेत्रमा कब्जामा परेका भाग फिर्ता ल्याउने प्रयास गरिरहँदा पछिल्ला घटनाहरू भएका हुन् ।

अधिकारीहरूका अनुसार मध्य शहर क्रोपिइभ्निस्कीमा क्षेप्यास्त्र हमलाहरू हुँदा पाँच जना मानिसहरू मारिनुका साथै २६ जना घाइते भएका छन् । पूर्वी भेगको बहुमतमा तीन जनाको ज्यान गएको छ।

**अवस्था**

युक्रेनले देशको दक्षिणमा रुसी फौजलाई एक्ल्याउन खोजिरहँदा यस्तो घटनाक्रम देखिएको हो । खेर्सन शहरको एउटा मुख्य पुल युक्रेनी फौजले अमेरिकाले दिएको लामो दूरीको क्षेप्यास्त्र प्रहार गरेर काम नगर्ने बनाएको छ।

जसले गर्दा रुसलाई थप सेना र हतियार पठाउन असम्भव



पारेको छ । यूकेका रक्षा अधिकारीहरूका अनुसार २४ फेब्रुअरीमा रुसी हस्तक्षेप सुरु भएयता कब्जामा परेको एकमात्र युक्रेनी क्षेत्रीय राजधानी अहिले "कब्जा गरिएको क्षेत्रबाट लगभग टुटेको" छ । यद्यपि मस्कोले अहिले पूर्वी युक्रेनबाट खेर्सन क्षेत्रको प्रतिरक्षाका लागि आफ्ना फौज पठाइरहेको युक्रेनी सेनाले जनाएको छ । नियतवश देखाउन खोजिएको देखिएका तस्बिरमा रुसी फौजहरू भत्किएको पुल तर्न तैरने पूर्वाधारको सहायता लिएको देखिन्छ।

**महत्त्वपूर्ण**

क्राइमियाका लागि स्थलमार्ग पर्ने भएकाले खेर्सनमा नियन्त्रण राख्नु रुसका लागि महत्वपूर्ण छ। युक्रेनको दक्षिणी प्रायद्वीपलाई क्रेमलिनले सन् २०१४ मा गाभेको थियो। क्रोपिइभ्निस्कीको एक हवाई स्कूलमा मङ्गलवार १२:२० बजेतिर दुईवटा रुसी क्षेप्यास्त्र प्रहार भएको त्यस क्षेत्रका गभर्नरले जनाएका छन् । पूर्वी डोनबास क्षेत्रमा पर्ने बहमुतमा रुसी बमबारीमा परेर कम्तीमा तीनजना मानिसहरू मारिएको र अन्य तीन जना घाइते भएको त्यस क्षेत्रका प्रमुखले जनाएका छन्।

बेग्लै घटनामा ६ रुसी क्यालिबर क्षेप्यास्त्रहरू राजधानी किएभको १० किलोमिटर उत्तरतर्फ पर्ने एउटा सैन्य आधारमा प्रहार हुँदा १५ जनाले क्षति व्यहोरेको एक वरिष्ठ युक्रेनी सैन्य अधिकारीले जनाएका छन् ।

कसैको मृत्यु भए नभएकोबारे ती अधिकारीले प्रस्ट पारेनन् । अन्यत्र मध्य पूर्वी दिनिपर्पुच्चोख क्षेत्रमा रुसी बमबारीबाट एकजना मारिनुका साथै दुईजना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

# बाढीका कारण तीनको मृत्यु

**सिन्ह्वा**

जाकार्ता । इन्डोनेसियाको मध्य सुलावेसी प्रान्तमा आएको बाढीमा परी तीन जनाको मृत्यु हुनुका साथै अन्य चार जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको स्थानीय प्रकोप एजेन्सीका एक वरिष्ठ अधिकारीले शुक्रबार बताएका छन् ।

भारी वर्षाले परीगी माउटोङ जिल्लाको टोरु गाउँका सबै घरहरू डुबानमा परेको जिल्लाको विपद् व्यवस्थापन निकायको परिचालन इकाई प्रमुखले बताएका छन् । हिजो अचानक पानी आएको र गाउँका सबै घर र भवन डुबानमा परेको जनाइएको छ । प्रभावित क्षेत्रहरू जाँच गरिसकेपछि, तीन जनाको मृत्यु भएको र अन्य चार जना बेपत्ता छन् । खोज र उद्धार कार्यालयका कर्मचारीहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका जनाइएको छ ।

# एक दिनमा बीस हजारभन्दा बढीमा कोरोना सङ्क्रमण

**सिन्ह्वा**

नयाँदिल्ली । बितेका २४ घण्टामा भारतको विभिन्न भागमा २० हजारभन्दा बढी कोभिड-१९ सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ ।

यस समयमा २० हजार ४०९ थप व्यक्तिमा कोरोना देखिएपछि भारतमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ३९ लाखमा ७९ हजार सात सय ३० पुगेको छ । देशभर एक लाख ४३ हजार नौ सय ८८ सक्रिय सङ्क्रमित छन् । पछिल्लो एक



दिनको अवधिमा १९ हजार दुई १६ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३२ लाख ८६ हजार सात सय ८७ पुगेको छ । कोरोना सङ्क्रमणबाट पछिल्लो एकदिनमा ४७ जनाको मृत्यु भएको छ । यो सँगै कोरोनाबाट पाँच लाख २६ हजार दुई सय ५८ जनाको मृत्यु भएको छ ।

महामारी शुरु भएयता ८७ करोड ४० लाखभन्दा बढीको परीक्षण गरिएको छ । सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब मात्राभन्दा बढी खोप लगाइएको छ ।

# सेनाको विमान दुर्घटनामा दुईको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको पश्चिमी राज्य राजस्थानमा प्रशिक्षण उडानको क्रममा दुर्घटना ग्रस्त भएको भारतीय वायुसेना (आइएएफ)का दुई विमान चालकको मृत्यु भएको छ । मिग-२१ जेट उडानको क्रममा दुर्घटना भएको अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् ।

प्रशिक्षण उडानमा रहेको विमान राजस्थानको राजधानी जयपुरबाट करिब पाँच सय ३२ किलोमिटर पश्चिममा रहेको बारमेर जिल्लामा बिहीबार ढिलो दुर्घटनामा परेको थियो । भारतीय वायु सेनाले यस दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति गहिरो दुःख व्यक्त



गर्दै शोक सन्तप्त परिवारहरूसँग दृढतापूर्वक खडा रहेको जानकारी दिएको छ । एक अदालतको जाँचको आदेश दिइएको पनि वायु सेनाका अधिकारीहरूले जानकारी दिएका छन् ।



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरको महेन्द्र चोकमा तेजपत्ता बिक्री गर्दै महिला । *तस्बिर : रासस*

# अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा सरकार प्रतिबद्ध: उद्योगमन्त्री बडू



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले देशको अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा आवश्यक पर्ने सम्पूर्ण कार्य गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

२८औँ कार्गो दिवसको अवसरमा कार्गो व्यवसायीको सङ्गठन नेपाल फ्रिट् फर्वाड्र्स् एशोसिएशनले शुक्रवार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले कोभिड महामारीको असहज परिस्थितिमा पनि अग्रपङ्तिमा रहेर आपूर्ति व्यवस्था सहज तुल्याउन कार्गो व्यवसायीले खेलेको भूमिका सराहनीय रहेको उल्लेख गर्नुभयो ।

उद्योगमन्त्री बडूले कोभिड-१९ महामारी र पछिल्लो रसिया र युक्रेनबीचको युद्धको प्रभावले 'लजिष्टिक' लागत बढेको र गन्तव्यसम्म पुऱ्याउन पनि समय लागिरहेको भन्दै यी समस्या निराकरणका लागि सरकारले सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि नीतिगत सुधारका काम भइरहेको, नेपालको 'लजिष्टिक पोलिसी' को मस्यौदा मन्त्रिपरिषद्मा पुगेको तथा नेपाल उद्योग वाणज्य महासङ्घको 'भिजन-२०३०' मा ल्याएका केही विषय मन्त्रालयले आगामी हप्ता एमओयू गर्ने तयारीमा रहेको जानकारी दिनुभयो ।

मन्त्री बडूले निर्यात तथा आयातका सामानको ढुवानीसँग सम्बन्धित सम्पूर्ण कार्यको व्यवस्थापन, कम लागत, कम समय र समस्यारहित ढङ्गले कार्गो व्यवसायीले गरेको कामको प्रसंशा गर्नुभयो ।

उहाँले भन्नुभयो, "कार्गो व्यवसायीले निकासी व्यापारलाई सहज, सुगम र मितव्ययी रुपमा ढुवानी गरी समयमै गन्तव्यमा पुऱ्याउन सहजीकरण गर्दै आएको छ, त्यसबाट सम्पूर्ण निकासी पैठारीकर्ता लाभान्वित हुँदै आएका छन् । जसले नेपालको निकासी व्यापार वृद्धि हुने तथा आयात व्यापारको लजिष्टिक लागत कम भई उपभोक्ता मूल्य वृद्धिको चापलाई कम गर्न सहयोग पुग्नेछ ।"

उद्योगमन्त्री बडूले भैरहवामा गौतमबुद्ध अन्तर र्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल पनि शीघ्र सञ्चालनको तयारीमा रहेको र काठमाडौँ-निजगढ द्रूतमार्गको निर्माणकार्य पनि प्रगति भइरहेको भन्दै यी पूर्वाधारहरुले लजिष्टिक व्यापार व्यवसायको विकास र विस्तार एवं अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले विशेषगरी चोभारमा सुक्खा बन्दरगाह र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट व्यावसायिक रुपमा कार्गो सेवा सञ्चालन गर्न कार्गो व्यवसायीको महत्वपूर्ण सक्रिय सहयोगको पनि सरकार अपेक्षा गर्दछ भन्नुभयो ।

देशमा रहेका उद्योगधन्दा, दैनिकआवश्यकताकासामानसमेत आयात गर्नुपर्ने बाध्यता रहेको, विभिन्न उद्योगको स्थापना गर्न चाहिने सामान उपकरण आयात गर्नुपर्ने भएकाले देशमा आयात निरन्तर रुपमा वृद्धि भइरहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा उद्योग मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले उद्योग व्यवसाय प्रवर्द्धनका लागि सरकार निजी क्षेत्रसँग हातोमालो गरेर अघि बढ्न तयार रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले कोभिड महामारीपछिको तरलता अभावले उद्योग व्यवसायमा समस्या उत्पन्न भएको तथा मौद्रिक नीतिले झनै बैंकको ब्याजदर बढाएको भन्दै लजिष्टिक लागत घटाउनेतर्फ ध्यान दिन अनुरोध गर्नुभयो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले उद्योग व्यवसाय प्रवर्द्धनका लागि सरकार र निजी क्षेत्रले साझेदारितालाई फराकिलो बनाइनुपर्नेमा जोड दिनुभयो । एशोसिएशनका अध्यक्ष मनोज अधिकारीले कार्गो व्यवसाय सहजीकरणका लागि सरोकारवाला निकायलाई आग्रह गर्नुभयो ।

सो अवसरमा कार्गो व्यवसाय प्रवर्द्धनमा भूमिका खेल्ने विभिन्न संस्था एवं व्यक्ति तथा बढी कार्गो ढुवानी गर्ने विभिन्न एयरलाइन्सलाई प्रसंशापत्रद्वारा सम्मान गरिएको थियो । रासस

## सवारीसाधन कारबाही : रु तीन करोड ७९ लाख राजस्व सङ्कलन

दमौली । जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले एक वर्षको अवधिमा सवारीसाधन कारबाही गरेर रु तीन करोड ७९ लाख ३३ हजार राजस्व सङ्कलन गरेको छ। आर्थिक वर्ष २०७८/७९ मा ५५ हजार छ सय सवारीसाधनलाई कारबाही गर्दा उक्त रकम सङ्कलन भएको हो ।

सो क्रममा सबैभन्दा बढी मोटरसाइकललाई कारबाही गर्दा राजस्व सङ्कलन भएको छ । नियम उल्लङ्घन गरी सवारीसाधन चलाउनेमा दुई पाङ्ग्रे चालक रहेको ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक गोकर्ण नेपालले जानकारी दिनुभयो ।

उहाँका अनुसार २० हजार ५०० मोटरसाइकललाई कारबाही गर्दा एक करोड ४७ लाख ३९ हजार ५०० राजस्व सङ्कलन भएको छ। त्यस्तै ११ हजार २२१ ट्रक टिपरलाई कारबाही गर्दा रु ७७ लाख ८३ हजार, सात हजार ५०० तीन बसलाई कारबाही गर्दा रु ४८ लाख ४३ हजार ५१२ हजार ३५७ जीप कारलाई कारबाही गर्दा रु ७९ लाख ४४ हजार ५०० र दुई हजार ९६६ ट्याक्टरलाई कारबाही गर्दा रु २० लाख ३२ हजार राजस्व सङ्कलन भएको छ । अन्य ६५६ सवारीसाधनलाई कारबाही गर्दा रु चार लाख २३ हजार सङ्कलन भएको कार्यालयले जनाएको छ।

"मोटरसाइकल र स्कुटर चालकबाट बढी नियम उल्लङ्घन हुने गरेको छ," उहाँले भन्नुभयो, "सवारी साधनको कागजात नभएका र लाइसेन्स नभएका पनि बढी छन् ।" सवारी साधनका धनीलाई कारबाहीसँगै सवारीधनीलाई नियमबारेमा पनि जानकारी गराउने गरेको नेपालले बताउनुभयो।

प्रहरीले मादक पदार्थ सेवन गर्नेविरुद्ध पनि चेक कडाइ गर्ने गरेको छ । उक्त आर्थिक वर्षमा ३८३ सवारीसाधनका धनी मादकपदार्थ सेवन गरेबापत कारबाहीमा परेका छन्। उनीहरुबाट तीन लाख ८३ हजार राजस्व सङ्कलन भएको बताइएको छ ।रासस

## प्रदेश नं १ मा दुध उत्पादनमा वृद्धि



विराटनगर । प्रदेश नं १ मा आर्थिक वर्ष २०७८/७९ मा कूल पाँच लाख २५ हजार एक सय ५५ मेट्रिक टन दुग्ध उत्पादन भएको छ । पशुपक्षी तथा मत्स्य विकास निर्देशनालयका अनुसार सो अवधिमा मासु आठ लाख ६६ हजार १९ मेट्रिकटन, अण्डा १४ करोड १९ लाख ९३ हजार र ऊन ४० हजार ८७९ किलो उत्पादन भएको हो ।

अघिल्लो वर्षको तुलनामा गएको वर्षमा दुग्ध ११ हजार छ सय २३ मेट्रिकटन, मासु एक हजार छ सय ४२ मेट्रिक टन, अण्डा ४९ लाख नौ हजार र ऊन चार सय सात किलो बढी उत्पादन भएको हो । प्रदेशभरिमा गाईगोरुको सङ्ख्या २० लाख ९९ हजार चार सय ९७, भैंसी-राँगो आठ लाख ८५ हजार आठ सय ३९, बाख्रा २८ लाख सात हजार पाँच सय ८८, बङ्गुर छ लाख ९४ हजार आठ सय ४५, कुखुरा ८९ लाख ४१ हजार छ सय ७७, भेडा ५९ हजार दुई सय ३१ र याक-नाक १८ हजार १० रहेको बताइएको छ। प्रदेशमा हालसम्ममा १० हजार सात सय ७५ पोखरीअन्तर्गत एक हजार नौ सय ६२ दशमलव ३६ हेक्टर जलाशय क्षेत्रबाट कूल नौ हजार आठ सय २० मेट्रिकटन माछा उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ भन्दा गएको आर्थिक वर्षमा पोखरीको सङ्ख्या र जलाशय क्षेत्र पनि बढेको छ । अघिल्लो आर्थिक वर्षमा नौ हजार एक सय ६० मेट्रिकटन माछा उत्पादन भएको निर्देशनालयका निर्देशक पशुपति ढुङ्गानाले जानकारी दिनुभयो । यसैगरी ट्राउट माछातर्फ आर्थिक वर्ष २०७७/७८ मा रेसवे सङ्ख्या एक सय ८१ बाट गएको वर्षमा तीन सय ६२ पुगेको जलाशय क्षेत्र तीन हजार छ सय ११ हेक्टरबाट छ हजार आठ सय ५० पुगेको वर्षमा ३८ मेट्रिकटन ट्राउट माछा उत्पादन भएको बताइएको छ ।

प्रदेश सरकारको रु ११ करोड ४९ लाख ६१ हजार, प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना(सङ्घ सशर्त अनुदान) को रु चार करोड ९२ लाख ५० हजार, पशुसेवा(सङ्घ सशर्त अनुदान) को रु ६८ लाख आठ सय ५० र कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम(सङ्घ सशर्त अनुदान) को रु सात लाख ३३ हजार बजेट रहेको जनाइएको छ । रासस

# इयूले उडान सुरक्षा सूचीमा राखिरहनु पर्ने अवस्था छैन: पर्यटनमन्त्री श्रेष्ठ

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले युरोपेली सङ्घ (इयू)ले नेपाललाई उडान सुरक्षासम्बन्धी सूचिमा राख्न नहुने धारणा राख्नुभएको छ।

पर्यटनमन्त्री श्रेष्ठसँग नेपालका लागि गणतन्त्र पोल्याण्डका गैरआवासीय राजदूत आडम बुराकोव्स्कीले शुक्रवार मन्त्रालयमा गर्नुभएको शिष्टाचार भेटको क्रममा उहाँले नेपाली उड्डयन क्षेत्रलाई अन्तरराष्ट्रिय उड्डयन सङ्गठन आइकाओले प्रतिबन्ध फुकुवा गरिसकेको अवस्थामा इयुले सुरक्षासम्बन्धि सूचीमा राख्न नहुने बताउनुभएको हो । आइकाओको सुरक्षा इन्डेक्सले नेपाली आकाश तथा वायुसेवा कम्पनी सुरक्षित रहेको पुष्टी भइसकेको अवस्थामा नेपाली उड्डयन क्षेत्रलाई युरोपमा सिधा उडानको व्यवस्था गर्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिनुभएको उहाँको निजी सचिवालयले जनाएको छ।

भेटमा उहाँहरुबीच नेपाल र पोल्याण्डबीच रहिआएको सम्बन्ध, आपसी हित र चासोका बिषयमा कुराकानी भएको थियो । मन्त्री श्रेष्ठले नेपाल र पोल्याण्डबीच कुटनीतिक सम्वन्ध स्थापित भएदेखिनै सुमधुर सम्वन्ध रहिआएको चर्चा गर्नुहुँदै यसलाई अझ मझवुत बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले पर्वतारोहणमा पोल्याण्डका जनताको रुची रहेको र त्यसका लागि नेपाल आकर्षक गन्तव्य रहेको बताउनुभयो ।



मन्त्री श्रेष्ठले कोरोना भाइरस महामारीपछि नेपालले अहिले पर्यटन पुनरुत्थानका कार्ययोजनाअनुसार पर्यटकलाईसुविधातथासहुलियतका कार्यक्रम अघि बढाएको जानकारी गराउनुभयो । पोल्याण्डमा उच्च अध्ययन र रोजगारीको सिलसिलामा नेपाली जाने गरेको तथा नेपालमा रहेका पोल्याण्डका जनताको भिसा र आवागमन प्रक्रियामा सरलीकरण गर्नेबारेमा पनि उहाँहरुबीच छलफल भएको थियो ।

राजदूत बुराकोव्स्कीले सन १९९२ मा कन्चनजङ्गा हिमाल आरोहणका क्रममा हराएकी पोल्याण्डकी नागरिक वान्डा रुटकिविजको स्मृति कार्यक्रम आगामी अक्टुवरमा नेपालमा गर्ने तयारी गरिएको जानकारी दिनुभएको थियो । रुटकिविज युरोपबाट सगरमाथा र केटु हिमाल आरोहण गर्ने पहिलो महिला आरोही हुनुहुन्छ । भेटवार्तामा उहाँहरुबीच नेपालको पर्यटन प्रवर्द्धनका उपायबारे छलफल भएको थियो । भेटमा मन्त्रालयका निमित्त सचिव वुद्धिसागर लामिछाने, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी तथा नेपालका लागि गणतन्त्र पोल्याण्डका महावाणिज्यदूत लोकमान्य गोल्छाको सहभागिता थियो । रासस

# आगलागी पीडितलाई सहयोग

पोखरा । माइला कान्छा अभियानमार्फत सामाजिक सेवामा जुटिरहनुभएका माया गुरुङ र पार्वती गुरुङले सास्कृतिक कार्यक्रममा चना चटपट र सेलरोटी बचेर कमाएको रकम कास्कीका आगलागी पीडितलाई सहयोग गरेका छन् ।

मानवीय सेवालाई भूगोलले नछेक्ने जनाउँदै समस्यामा परेका नेपालीलाई अभियानमार्फत उहाँहरुले सहयोग गर्दै आउनुभएको छ ।



केही समय पहिले कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ कोलेली निवासी शोभाखर काफ्ले र लुम्रै निवासी गोलमान गुरुङको घरमा ग्यासको सिलिण्डर पड्केर आगालागीबाट क्षति भएको भन्ने खबर थाहा पाएपछि सहयोगमा जुटेको अभियन्ता माया गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " हामीले गाउँमा ग्यास पड्केको र क्षति भएको भन्ने थाहा पायौं, अनि मे २८ तारिखमा मगर सङ्घ युकेले आयोजना गरेको नेपाली ओपन कन्सर्टमा अभियानका पार्वती गुरुङ साथै परोपकारी मनका धनी कविता गुरुङ र लता चेम्जो गुरुङको विशेष सक्रियतामा नेपाली चिया, चटपट, काँक्रो, खरबुजा, सेलरोटी बचेर केही आर्थिक रकम सङ्कलन गरेका हौं ।" उहाँले सङ्कलित रकममा केही थपथाप गरेर पीडित दुई परिवारलाई रु ५० हजारका दरले रु एक लाख रकम नेपाल पठाएको जानकारी दिनुभयो ।

विदेशबाट प्राप्त उक्त रकम गाउँका स्थानीय युवा शङ्करमान गुरुङ र मिर्मिरे आमा समूहका अध्यक्ष राजकुमारी गुरुङको समन्वयमा माछापुच्छ्रे गाउँपालिका वडा नं ८ का वडाध्यक्ष रामबहादुर गुरुङले पीडितद्वय शोभाखर काफ्ले र गोलमान गुरुङलाई उक्त रकम हस्तान्तरण गर्नुभएको हो। गुरुङले विदेशी भूमिमा रहेर पनि जन्मभूमिमा भएको समस्या र दुःख पीडालाई आत्मसात् गरी सहयोग रकम जुटाएकामा धन्यवाद व्यक्त गर्नुभयो ।

सहयोग रकम हस्तान्तरण कार्यक्रममा स्थानीय गगनसिंह गुरुङले कठिन अवस्थामा एकअर्काको सहयोगमा जुटेर अघि बढ्नु नै मानवीयता भएको धारणा राख्नुभयो। अर्का स्थानीय युवा सन्तोष गुरुङले कोभिड-१९ देखि नै माइला कान्छा अभियानको सामाजिक सेवाप्रतिको कार्य निकै सह्रानीय र प्रशंसनीय भएको बताउनुभयो।

## हेटौँडाका २२ हजार परिवारले १० हजार लिटरसम्म पानी निःशुल्क पाउने

बागमती । हेटौँडा उपमहानगरपालिकालेनगरवासीलाई मासिक १० हजार लिटरसम्म खानेपानी निःशुल्क उपलब्ध गराउने भएको छ। उपमहानगरले मासिक १० हजार लिटर पानीको पैसा नलिने निर्णय गरेको हो ।

खानेपानी व्यवस्थापन बोर्डअन्तर्गत जडान भएका धारामा मात्र यो निर्णय लागू हुने हेटौँडाका उपप्रमुख राजेश बानियाँले जानकारी दिनुभयो। हेटौँडामा खानेपानी बोर्डअन्तर्गतका झण्डै २२ हजार धाराको हकमा मात्र यो निर्णय लागू हुने उहाँले बताउनुभयो।

उपमहानगरले खानेपानी बोर्डमार्फत नगरवासीलाई उक्त सुविधा दिन लागेको हो। यसबाट नगरका एक लाख ४५ हजार जनसङ्ख्या लाभान्वित हुने जनाइएको छ। खानेपानी उपलब्ध गराएवापत उपमहानगरले खानेपानी बोर्डलाई वार्षिक रु दुई करोड ३९ लाख ७० हजार उपलब्ध गराउने जनाइएको छ ।रासस


**रामगोपालपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रामगोपालपुर, महोत्तरी**

**मधेश प्रदेश, नेपाल**

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९।४।१३**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०७९।८० मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७८/०७९ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्याथी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**

# अनुगमन टोली पुग्दा व्यवासायी फरार

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको शहीदनगर नगरपालिकामा अनुमगनको लागि अनुगमन टोली पुग्दा व्यवासायी पसल बन्द गरी फरार भएका छन् । यदुकुहामा शुक्रवार हुने भनिएको बजार अनुगमनको सूचना बाहिरिएपछि व्यवसायीहरु फरार भएका कारण अनुगमन समिति रित्तो हात फर्केको छ ।



जिल्ला प्रशासन कार्यालय धनुषाको नेतृत्वमा यदुकुहामा अनुगमन टोली पुग्नु भन्दा पहिला साना देखि ठूला पुरै बजार सुनसान देखेपछि अनुगमन टोली छक्क परेका थिए। अनुगमन टोली संयोजक समेत रहेका जिल्ला प्रशासन कार्यालय, धनुषाका प्रशासकीय प्रमुख किरण कुमार मिश्रका अनुसार अनुगमन टोली पुग्नु भन्दा पहिला नै व्यापारी तथा व्यवसायीहरु आ आफना सटर झारेर फरार भएका थिए ।

बजार अनुगमनको क्रममा हुन सक्ने विवादका घटनालाई ध्यानमा राखेर अनुगमनमा जानु भन्दा करिव १ घण्टा पहिला नै इलाका प्रहरी कार्यालय, यदुकुहामा शान्ति सुरक्षाको व्यवस्था गर्न जानकारी गराइएको थियो । अनुगमन टोली संयोजक मिश्रले भने-अनुगमन सम्बन्धी गोप्य जानकारी प्रहरीबाट लिक भएको हुन सक्छ। यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारी समक्ष छलफल गरिने उनले बताए ।

अनुगमन टोलीमा सहभागी घरेलु तथा साना उद्योग कार्यालय, धनुषाका प्रमुख देवेन्द्र कुमार झाले बजार अनुगमन सम्बन्धी गोप्य सूचना लिक गरेर अनुगमन समितिलाई असहयोग गर्नु निन्दनीय भएको उल्लेख गरे । 'बजार अनुगमनमा प्रहरी प्रशासनको पनि महत्वपूर्ण सहयोग आवश्यक छ ।घरेलु कार्यालय प्रमुख झाले भने-यस सम्बन्धमा छानबिन गरी असहयोग गर्ने माथि कारवाही हुनुपर्छ,'उनले भने ।

इलाका प्रहरी कार्यालय, यदुकुहाका एक जना प्रहरीले अनुगमन टोली आउनु भन्दा पहिला सम्पूर्ण व्यापारी तथा व्यवसायीहरुलाई अनुगमन सम्बन्धी जानकारी गराएको उल्लेख गरे । मोटरसाइकल चढेर आएका एक जना प्रहरीले केही व्यापारी तथा व्यवासायहरुलाई बजार अनुगमन सम्बन्धी जानकारी गराएको थियो उनले भने-केही समय पछि त सम्पूर्ण पसलहरु धमाधम बन्द हुन थाल्यो । इलाका प्रहरी कार्यालय, यदुकुहाबाट अनुगमनमा सहभागी प्रहरीले आरोपलाई अस्वीकार गरेको छ ।

यता घरेलु तथा साना उद्योग कार्यालय, धनुषाका अधिकृत नागेन्द्र प्रसाद साहले अनुगमन टोलीलाई देखेर भाग्नु पर्ने आवश्यकता नरहेको बताए । बजार अनुगमन व्यापारी तथा व्यवसायहीहरुकै हितको लागि गर्ने गरिएको छ, उनले भने-अनुगमनको क्रममा व्यवासय दर्ताबाट हुने फाईदा, दर्ता प्रक्रिया, नवीकरण, भ्याट बिल, राजस्व लगायतको सम्बन्धमा जानकारी गराउने गरिएकाले सटर झारेर भाग्नुको कुनै अर्थ छैन ।

यदुकुहाको सम्पुर्ण व्यापारी तथा व्यवसायीहरु सटर बन्द गरेर फरार भएपनि तत्काल संचालनमै रहेको बाबा आईसक्रिम बेकरी तथा डेरी उद्योग, यदुकुहा लाईन होटल र स्टार होटलमा अनुगमन गरी देखिएका कमीकमजोरीहरुलाई तत्कालै सुधार गर्न निर्देशन दिएको अनुगमन टोलीमा सहभागी घरेलु तथा साना उद्योग कार्यालयका जितेन्द्र प्रसाद सिंहले जनाए ।

जिल्ला प्रशासन कार्यालय धनुषाको नेतृत्वमा गएको अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालयका साथै खाद्य, प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुर उद्योग वाणिज्य संघ, स्थानिय प्रहरी, संचारकर्मी लगायतको सहभागिता थियो ।

# भगवान भरोसे सरकारी विद्यालय

**ब्लग :**



**श्यामसुन्दर शशि**

२०७८ सालको एसईई परीक्षाको परीक्षाफल प्रकाशित भएकै साँझ धनुषाका एक नगरपालिकाका मेयरजीले फेसबूक वालमा शुभकामना संदेश लेख्नु भयो- ' एसईई परीक्षामा उत्तीर्ण भएका पालिकाभित्रका सम्पूर्ण भाई-बहिनीलाई शुभकामना तथा उज्वल भविष्यको शुभकामना ।' सखा सन्तान सफल भएपछि , शुभकामना दिनु,भोज-भतेर गर्नु नयाँ होईन तर नगर प्रमुख त नगरका अभिभावक हुन्, परीक्षामा उत्तीर्ण हुने र अनुत्तीर्ण हुने दुबैप्रति उनको समान चासो र दायित्व हुनुपर्ने हो । सांचौ भनौ भने सफल हुन नसकेकाहरुप्रति अझ बढि । माध्यमिक तहसम्मको शिक्षा अचेल स्थानीय पालिकाहरुकै कार्यक्षेत्रभित्र गाभिएको छ। शिक्षकको तलवदेखि बालबालिकाको खाजासम्मको बजेट पालिकाकै माध्यमबाट वितरण हुन्छ । पालिकाभित्र गुणस्तरीय शिक्षा प्रदान गर्ने दायित्व बोकेको कुनै मेयरले उत्तीर्ण बालबालिकालाईमात्र बधाई तथा शुभकामना दिनु भनेको शिक्षाप्रतिको अल्पज्ञान हो । अझ भनौं भने शिक्षाक्षेत्रप्रतिको उदासीनता हो ।




२०७८ सालको एसईई (माध्यमिक शिक्षा परीक्षा) को नतिजा विगत पाँच वर्षयताकै कमजोर छ। यसमापनि सरकारी विद्यालयहरुको परीक्षाफल अझ कमजोर देखिएका छन् । राष्ट्रिय परीक्षा बोर्डले बुधबार सार्वजनिक गरेको नतिजाअनुसार देशभरिबाट परीक्षामा सहभागी भएका ४ लाख ९५ हजार ७ सय ५१ परीक्षार्थीमध्ये ४२ जनाले मात्रै शतप्रतिशत ( ४ जीपीए ) ल्याएका छन्। जबकि २०७४ सालमा ७४ जना र २०७५ सालमा १ सय ६ जनाले ४ जीपीए ल्याएका थिए।

तर कोरोना महामारीको बेला विद्यालयहरु बन्द हुंदा अझ बढि विद्यार्थीहरुले ४ जीपीए ल्याएका थिए । विद्यार्थीहरु घरमै मिहिनेत गरेर वा शिक्षकहरु घरघरै अध्यापन गराएर विद्यार्थीहरुको शैक्षिक गुणस्तर बढाएर बढि जीपीए ल्याएका थिएनन् । अपितु शिक्षकहरुको कृपा र लोभानि पापानिले राम्रो जीपीए ल्याएका थिए। २०७७ मा ८ हजार ४ सय ४४ जना र २०७६ मा ९ हजार ३ सय १९ जनाले ४ जीपीए ल्याउँदा विश्वजगत जिल्ल परेका थिए । नियमित विद्यालय संचालन हुंदा २०७४ सालमा ७४ जनाले ४ जीपीए ल्याए अनि विद्यालय बन्द रहेको वेला झण्डै १० हजार विद्यार्थी ४ जीपीए ल्याउनुले शिक्षकहरुको नैतिकतामाथि गंभीर सवाल खडा गरेको थियो। त्यतिवेला विद्यार्थीहरुको मूल्यांकन सम्बन्धित विद्यालयले नै गरेका थिए भने नतिजा प्रमाणीकरण मात्रै परीक्षा बोर्डले गरेको थियो। त्यतिवेला केही शिक्षकले आफ्ना सखा सन्तानलाई, जनप्रतिनिधिहरुको नाता गोताका विद्यार्थी तथा शुभलाख लिएरपनि राम्रो जीपीए दिएको हल्लापनि निकै चलेको थियो।

गत वैशाख ९ देखि २० सम्म सञ्चालित एसईईको नतिजाअनुसार ९ हजार ६ सय ३ जना अर्थात् १ दशमलव ९४ प्रतिशतले मात्र सबैभन्दा उच्च (३.६-४) जीपीए प्राप्त गरेका छन। यसैगरी २.८ देखि ३.२ ल्याउने विद्यार्थीको संख्या ६९ हजार ९ सय छन भने २.४देखि २.८ जीपीए प्राप्त गर्ने विद्यार्थीको संख्या ९० हजार ७ सय ५८ जना छन् । २ देखि २.४ जीपीए ल्याउने विद्यार्थीको संख्या १ लाख १२ हजार ७ सय ३३ छन् ।

यद्यपि यस वर्षको एसईई परीक्षामा मधेश प्रदेशका विद्यार्थीहरुले अपेक्षाकृत राम्रो प्रदर्शन गरेका छन् । देशभरिमा ३.६देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ९ हजार ६ सय ३३ छन् तीमध्ये वागमती प्रदेशका ४ हजार ६ सय २ जना अर्थात् ४७.७७ प्रतिशत विद्यार्थीले ३.६ देखि ४ जीपीए प्राप्त गरेका छन। उच्च जीपीए प्राप्त गर्ने मामिलामा मधेश प्रदेश दोश्रो स्थानमा छ । मधेशबाट कुल १ हजार ५ सय ३१ विद्यार्थीले उच्च जीपीए (३.६-४) प्राप्त गरेका छन् जो १५ प्रतिशत हुन्छ। मुलुकको जुनसुकै प्रदेशबाट उच्च जीपीए ल्याउने विद्यार्थीहरुमध्ये अधिकांश महंगा निजी आवासीय विद्यालयहरुका विद्यार्थीहरु छन् ।

उत्तीर्ण भएका विद्यार्थीलाईमात्र बधाई तथा शुभकामना दिने तथा अनुत्तीर्ण हुनेलाई वेवास्ता गर्ने मेयरसाहेबहरुसंग मलाई सोध्न मन लागेको छ - परीक्षाफल प्रकाशित भएको चार दिन भयो । हजुरको पालिकाभित्र कति जना विद्यार्थी असफल भएका छन, यसको तथ्यांक प्राप्त गर्नु भयो ? सरकारी विद्यालयका विद्यार्थीहरुको शिक्षण सिकाई यति कमजोर किन छ ? शिक्षण सिकाईको स्तर बढाउन यस वर्ष कुनै ठोस नीति तथा कार्यक्रम ल्याउनु भएको छ ? मलाई लाग्छ - यी सवालका जवाफ खोज्ने फुर्सत कुनै मेयर, उपमेयर वा पालिकाका शिक्षा संयोजकसंग छैन । उनीहरुलाई सफल विद्यार्थीहरुको तथ्यांकमात्र चाहिएको हुन्छ।

सरकारले शिक्षा क्षेत्रमा राम्रै लगानी गरेको छ । यसका अतिरिक्त संघीय र प्रदेश सांसदहरुसंगपनि उल्लेख्य संसदीय कोष हुन्छ। तर संसदीय कोषको रकम शिक्षा भन्दापनि सडक,कुलो,मठ मन्दिर,मस्जिद निर्माणआदिमा खर्च हुन्छ । शिक्षक तथा पत्रकार पृष्ठभूमिका एक प्रदेश सांसदसंग मैले सोधेको थिए -तपाईको गाउँकै विद्यालय गाई भैंसीको गोठ जस्तो देखिन्छ । खोई सुधार गर्नु भएको ? उनले सोझो जवाफ फर्काउनु भयो- के गर्ने नागरि कस्तरबाट शिक्षामा लगानी गर्नु पर्ने योजनै आउँदैनन । आफ्ना परममित्र उक्त प्रदेश सांसदसंग मेरो विनम्र आग्रह छ -मित्र नेता दूरदर्शी हुन्छन्। नागरिक प्रत्यक्षदर्शी। हजुरको दूरदृष्टिले पहिले शिक्षाको गुणस्तर सुधार गर्न भन्छ कि सडक, मठमन्दिरको ?

पालिकाहरुमा नयाँ नेतृत्व चयन भएर आएका छन्। एसईईको परीक्षाफल पनि नयाँ नयाँ आएको छ। जनप्रनितिधिजीहरुसंग मेरो विनम्र आग्रह - शिक्षाको गुणस्तर बढाउन अग्रसर हुनुहोस् । आकर्षक तलव खाने योग्य सरकारी शिक्षकहरुले गर्न नसकेको काम अपेक्षाकृत थोरै तलवमा काम गर्ने निजी आवासीय विद्यालयका शिक्षकहरुले कसरी गरेका होलान ? खोजी गर्नोस् । छलफल गर्नोस्। विचार मन्थन गर्नोस्। थाहै होला - शिक्षानै हरेक उन्नतिको मुहान हो।

# आन्दोलनको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम। चुरे तथा वन जंगल संरक्षण अभियानीहरुले मधेश प्रदेश सरकारबिरुद्ध कडा आन्दोलन गर्ने चेतावनी दिएको छ। ११ दिनदेखि जनक चोकमा जारी रिले अनसनलाई सम्बोधन गर्दै अभियानका संयोजक सुनिलकुमार यादवले सरकार विरुद्ध अगामी आइतबारदेखि सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

साउन १५ गत्ते आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि सडकमै सुतेर आन्दोलन गर्ने उनको भनाइ छ। त्यसपछि पनि सरकारले माग पुरा नगरे आत्मदाह सम्म गर्ने कार्यक्रम रहेको उनले बताए। समितिले तीन बुंदे माग राख्दै रिले अनसन गर्दै आएका छन् ।

# नगर प्रमुख साहद्वारा कृषि सडकको अनुगमन

**टुडे समाचारदाता**

जनकपुरधाम । उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले कृषि सडकको अनुगमन गरेका छन ।

नगर प्रमुख साहले शुक्रवार उपमहानगरपालिकाको वडा नं. २० स्थित देवपुरादेखि घांघर नदीसम्म पर्ने कृषि सडक खण्डको अनुगमन गरेका हुन । त्यहाँका किसानहरुलाई कृषि कार्यमा सरलता प्रदान गर्न तथा उत्पादनलाई सहज र सरल ढंगले बजारसम्म पुर्‍याउन कृषि सडक मर्मत र निर्माण गर्न अनुगमन गरिएको हो ।



उनले पुरानो कृषि सडक अतिक्रमणमुक्त बनाई त्यसको संरक्षणका लागि स्थानीयले सचेत गराइ रहनुपर्नेमा जोड दिँदै कृषि सडकका लागि बजेटको अभाव नहुने स्थानीयलाई आश्वासन दिए । उनले नगरको कृषि क्षेत्रमा पनि सडक निर्माणले नगरपालिकाको सौन्दर्य बढ्दै गएको बताए ।

सडक नहुंदा स्थानीय किसानहरु घरमा बाली भित्र्याउन तथा कृषि कर्मका लागि लामो समयदेखि सास्ती खेप्दै आएका थिए। सो सडकमा ठूलो कल्भर्ट नभई पश्चिमतिरको खेतमा कृषि औजार पुग्न नसकेर क्षति व्यहोर्नु परेको छ । चाडै कल्भर्ट निर्माण गरी कृषि कार्यलाई सहज बनाईने उनले बताए।

# करेन्ट लागेर मृत्यु

टुडे समाचारदाता

सर्लाही । करेन्ट लागेर सर्लाहीमा एक पुरुषको मृत्यु भएको छ । करेन्ट लागेर जिल्लाको पर्सा गाउँपालिका- ६ का ४५ वर्षीय सुबोध झाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

शुक्रवार विहान आफ्नै घरको पानी तान्ने मोटर जोडने क्रममा करेण्ट लागेर घाइते भएका झालाई उपचारको लागि प्रादेशिक अस्पताल मलंगवामा उनको मृत्यु भएको थियो।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बिजय यादवले जानकारी दिए।

# अवैध सामान सहित ट्रक नियन्त्रणमा

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी गस्ती टोलीले अवैध समान बोकेको एउटा ट्रकलाई पर्सामा नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी टोलीले वीरगञ्जबाट ९० लाख मूल्य बरावरको विभिन्न अवैध मालसामान बोकेको ट्रकलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ।

ना ६ ख ९९०५ नम्बरको ट्रकको चेकजाँच गर्ने क्रममा प्रहरीले बिलबिजकमा उल्लेख भएको भन्दा फरक विद्युतीय सामान, औषधिलगायतका मालसामान फेला परेकाले नियन्त्रणमा लिएर कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले बताए।

प्रहरीले विषेश सूचनाको आधारमा वीरगञ्ज महानगरपालिका-१४ स्थित गण्डक चोकबाट नियन्त्रणमा लिएको ट्रक र मालसमानको ९० लाख ७५ हजार ४ सय १६ रुपैया मुल्याङ्कन गरी कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको पोखरेलले जनाए।

भन्सार कार्यालय र त्यहाँ रहेका प्रहरीको मिलेमतोमा गण्डक पुगेको ट्रकलाई सशस्त्र सीमा सुरक्षा बलको पर्सा कार्यालयबाट विशेष टोली परिचालनगरी नियन्त्रणमा लिएको थियो । भारतबाट चोरी पैठारीगरी ल्याइने विद्युतीय लगायतका सरसमानहरु भारतीय बजार भन्दा नेपालमा सस्तो मूल्यमा बिक्री भइरहेको बताइन्छ। भारतबाट नेपालका लागि आउने मालवस्तुमा जीएसटी नलाग्ने, कम मूल्यांकनगरी भन्सार काटिने र बिलबिजक भन्दा फरक महँगो समानहरु भित्र्याउँदा भारतीय बजारको भन्दा नेपालमा सस्तोमा बिक्री हुने गरेको व्यवसायीहरु बताउँछन् ।

भारतबाट चोरबाटोबाट ल्याइने मालवस्तुहरुको भ्याट बिल चलनचल्तीको भन्दा धेरै कम काटिने गरिएको छ ।पर्सा र बारा जिल्लामा अहिले तस्करीको लाइन खुल्ला गरिएको छ।

# अस्पताल शिलान्यासमै सीमित

**टुडे समाचारदाता**

जनकपुरधाम । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले शिलान्यास गरेका करिव ४ सय अस्पताल शिलान्यासमै सीमित रहेको छ।

०७७ साल मंसिरमा एकै साथ विभिन्न ४ सय स्थानीय तह मध्ये धनुषाका स्थानीय तहमा पनि शिलान्यास गरिएको थियो। धनुषाका सबैला, धनुषाधाम, क्षीरेश्वरनाथ, शहिद नगर, विदेह, मिथिला विहारी, हंसपुर र गाउँपालिकाहरु औरही, वटेश्वरसहितका स्थानीय तहमा १० देखि १५ सैयाका सुविधा सम्पन्न अस्पताल निर्माणको लागि शिलान्यास गरिएको थियो। तर ती अस्पतालहरु शिलान्यासमै सीमित छ । धनुषाधाम नगरपालिकाले १५ शैया अस्पतालका लागि फाउडेशन तयारी गरेपनि बाँकी स्थानीय तहले काम नै गर्न सकेका छैन।

सबैला नगरपालिकाले पनि झण्डै १० करोडको लागतमा निर्माण हुने उक्त अस्पतालको लागि जग्गाको व्यवस्थापन गरी शिलान्यास गरेका थिए । त्यसको डिपिआर पनि तयार भयो। तर मोभलाईजेशनको रकम नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नपठाउँदा काम अगाडि बढ्न नसकेको नगरपालिकाले जनाएको छ।

हंसपुर नगरपालिकाले १० शैयाको अस्पताल निर्माणको लागि पटक-पटक टेण्डर गरिसकेको छ। तर यस अघिका मेयर र प्रमुख प्रशासकीय अधिकृत बीचको विवादको कारण काम अगाडि बढ्न सकेको छैन।

क्षीरेश्वर नगरपालिकाले १५ शैयाको अस्पतालका निर्माणको लागि जग्गाको व्यवस्थापन भएपनि जग्गा अपुग भएपछि टेण्डर भएर पनि काम अगाडि बढ्न सकेको छैन।

वटेश्वर गाउँपालिका पहिलो अध्यक्ष डम्बर बहादुर राउतमाथि नै अख्तिारमा मुद्दा परेपछि त्यो काम नै रोकिएको छ। तर गाउँपालिकाका निर्वाचित नयाँ पदाधिकारीहरुले अव त्यो कार्य बढाउने प्रतिवद्धता जनाएपनि काम भने अहिले सम्म अगाडि बढ्न सकेको छैन । यसरी स्थानीय तहहरुले अस्पतालको शिलान्यास गरेपनि कतै जग्गाको समस्या, त कतै बजेटको अभावमा काम अगाडि बढ्न नसकेको देखिन्छ।

# चार सय फरार अभियुक्त पक्राउ

**मनोज माझी**

राजविराज । फरार अभियुक्तमाथि कडा निगरानी र अनुसन्धान बढाएसँगै विभिन्न जघन्य अपराधका अभियुक्त पक्राउ पर्ने क्रम बढेको छ।

यसैक्रममा सप्तरी प्रहरीले आर्थिक वर्ष २०७८/७९ मा ४ सय ४ जना फरार अभियुक्तलाई पक्राउ गरेको तथ्याङ्क सार्वजनिक गरेको छ। शुक्रबार जिल्ला प्रहरी कार्यालय सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी प्रहरी उपरीक्षक अविनारायण काफ्लेले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै सो जानकारी गराएका हुन्।

ठ ू ल ठ ू ल ा अपराध गरेर भाग्ने र लुकिछिपी बसेको अवस्थामा नेपाल प्रहरीले सुराकी र अनुसन्धानको आधारमा उनीहरुलाई पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक काफ्लेले बताए। उनका अनुसार विगतमा ठूल्ठूला अपराध गरी विभिन्न ठाउँमा लुकेर बसेको अभियुक्तमाथि प्रहरीले खोजबीन जारी राखेको छ।



शुक्रबार नै राजविराजस्थित भगवती मन्दिर नजिकैबाट कर्तव्य ज्यानका एक फरार प्रतिवादीलाई पक्राउ गरेको थियो । फरार अभियुक्त पक्राउ गरी फैसला कार्यान्वयन गर्दा प्रहरीले राजश्व समेत बढाएको छ। आर्थिक वर्ष २०७८/७९ मा फरार अभियुक्तको जरिवानाबाट १० लाख ८९ हजार १ सय २६ रुँपैया राजश्व संकलन गरेको छ । यस्तै उनीहरुबाट १ सय ३ वर्ष ८ महिना २६ दिन कैद सजाय तोकेका छन्।

यसअवधिमा जिल्लामा विभिन्न अपराधका ८ सय ३० घटना दर्ता भएका छन्। जसमध्ये अभद्र व्यवहारका सर्वाधिक १ सय ६२ मुद्दा छन्। यस्तै भवितब्य ज्यानका १ सय ७, लागूऔषधका १ सय ५ र आत्महत्या १ सय ४ घटना भएका छन्।

यस्तै ज्यान मार्ने उद्योगका ३८, सवारी ज्यानका ६९, चोरीका ५१, कर्तव्य ज्यानका १४ र जबरजस्तीकरणीका २५ वटा घटना प्रहरीमा दर्ता भएका छन् । आर्थिक वर्ष २०७८/७९ मा यसरी दर्ता भएका घटना मध्येका फरार अपराधीको संख्या भने ४ सय १७ रहेको प्रहरीद्वारा उपलब्ध गराइएको वार्षिक प्रगति विवरणमा उल्लेख छ । फरार रहेकाहरुको खोजी कार्य तीव्र बनाइएको प्रहरीले जनाएको छ।

यसअवधिमा लागू औषध मुद्दामा १ सय ४१ जना पक्राउ परेका छन् । यसले लागू औषधका दुर्व्यसनी र कारोवारीको संख्यामा बृद्धि भएको तथ्याङ्कले देखाएको छ । डिएसपी माधवप्रसाद काफ्लेले यस अवधीमा एक भारतीय नागरिकसहित तीनजनालाई पक्राउ गरी श्रोत नखुलेको १७ लाख १८ हजार रुँपैया जफत गरी भन्सार कार्यालयमा बुझाइएको जानकारी दिए।

यस्तै भन्सार छलि अवैध रुपमा भित्राइएको २ करोड ७१ लाख ३४ हजार ८९ रुँपैयाको विभिन्न अवैध मालसामानसहित ४० जना कारोवारीलाई पक्राउ गरी भन्सार कार्यालयमा बुझाइएको छ।

जनशक्तिको अभावको बाबजुद शान्तिसुरक्षाका लागि भएको श्रोतसाधनको उच्चत्तम परिचालन गरि अपराध नियन्त्रणमा खटेको उल्लेख गर्दै वार्षिक प्रतिवेदनमा अपराध मुक्त र सुरक्षित समाज निर्माणका लागि आर्थिक वर्ष २०७८/७९ मा महिला हिंसा सम्बन्धी १४, लागूऔषध सम्बन्धी २४, लैङ्गिक हिंसा सम्बन्धी २२, सरसफाई सम्बन्धी ४४, कोरोना बिरुद्धको ६५, जातीय छुवाछूत बिरुद्धका एक, ट्राफिक नियम पालनाका १५ र साइबर क्राइमका २ लगायतका गरि ६ सय २५ वटा सचेतना कार्यक्रम गरिएको र यसबाट ४ लाख ३३ हजार १ सय ४२ जना लाभान्वित भएको वार्षिक प्रतिवेदनमार्फत जनाइएको छ।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ जण्डिसजस्ता रोगहरु लाग्न सक्छन ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं ।
- पानीलाई पीयुष, अक्वाटयाब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडोले झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८